# लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI)




# प्रतिवेदन-२०८३


## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जोरपाटी, काठमाण्डौ

Gokarneshwormun@gmail.com

टोल फ्रि नः१६६००१३७८८८

# नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) प्रतिवेदन, -२०८३


प्राविधिक सहयोगः

लविसा डेभलपमेन्ट कन्सल्टेण्ट प्रा.लि. बूढानीलकण्ठ ४ बुद्धकोलोनी काठमाण्डौ

विज्ञः विश्वराज मरासेनी, लिलाधर सुवेदी



गोकर्णेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोरपाटी, काठमाण्डौ

# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जोरपाटी, काठमाण्डौ

बागमती प्रदेश, नेपाल

**प.सं.** **मितिः**

**च.नं.** ***मन्तव्य***

गोकर्णेश्वर नगरपालिकाको तर्फबाट लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) परीक्षण सम्बन्धी आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदन तयार भएको छ । समावेशी, न्यायपूर्ण तथा उत्तरदायी स्थानीय शासनको अभ्यासलाई संस्थागत गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा अन्य लक्षित वर्गको अधिकार सुनिश्चित गर्न नगरपालिका निरन्तर प्रतिबद्ध रहेको छ । यस परीक्षणमा नगरपालिकाले १०० पूर्णाङ्कमा ७५ अङ्क प्राप्त गर्नु हाम्रो संस्थागत प्रयासको सकारात्मक उपलब्धि हो, जसले समावेशी विकासप्रतिको हाम्रो प्रतिबद्धतालाई थप पुष्टि गरेको छ ।

यद्यपि, परीक्षणले केही सुधार गर्नुपर्ने क्षेत्रहरूसमेत स्पष्ट संकेत गरेको छ । विशेषगरी मानव संसाधन तथा क्षमता विकास क्षेत्रमा अपेक्षाकृत न्यून अर्थात् ११ अङ्क प्राप्त हुनु हामी सबैका लागि थप संवेदनशील, योजनाबद्ध र परिणाममुखी प्रयासको आवश्यकता रहेको सन्देश हो । यसले कर्मचारी क्षमता अभिवृद्धि, लैङ्गिक उत्तरदायी योजना कार्यान्वयन तथा संस्थागत दक्षता विकासमा थप लगानी र प्राथमिकता दिनुपर्ने अवस्था देखाएको छ ।

साथै, विगत आर्थिक वर्ष २०७९/०८० को तुलनामा २०८०/०८१ र २०८१/०८२ मा लक्षित वर्गतर्फ विनियोजित बजेटको आकार केही घटेको सन्दर्भमा समेत नगरपालिका गम्भीर र सचेत रहेको छ । सीमित स्रोत-साधनबीच पनि समावेशी विकास, सामाजिक न्याय र समान अवसर सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अटल रहनेछ । आगामी दिनमा यस प्रतिवेदनका निष्कर्ष र सुझावलाई मार्गदर्शनका रूपमा ग्रहण गर्दै थप लैङ्गिक संवेदनशील, समावेशी र उत्तरदायी शासन प्रणाली निर्माणमा हामी दृढतापूर्वक अगाडि बढ्नेछौं ।

धन्यवाद !

दिपक कुमार रिसाल
नगर प्रमुख

# विषयसूची

**भाग एकः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण ........................................ १**

१.१ पृष्ठभूमिः ........................................................................................ १

१.२ उद्देश्य (Main Objective) ........................................................................ २

१.३ परीक्षणको कार्यक्षेत्र (Scope) .................................................................. २

१.४ विधि तथा प्रक्रिया (Methodology & Process- तथ्याङ्क सङ्कलन, अन्तर्वार्ता, स्थलगत निरीक्षण) .... ३

१.५ प्रतिवेदनको सीमाहरू (Limitations) ............................................................. ४

**२. नीतिगत तथा संस्थागत व्यवस्थाको विश्लेषण (Policy & Institutional Framework) ..................... ५**

२.१ नगरपालिकाको परिचयः ............................................................................. ५

२.२ सङ्घीय र प्रादेशिक कानुनी प्रावधानहरू सम्बन्धी व्यवस्था .......................................... ६

२.३ नगरपालिकाको आफ्नै नीति, ऐन र कार्यविधिहरू ................................................... ९

२.४ GESI समिति र एकाइको अवस्था तथा सक्रियता ................................................... ११

२.५ संस्थागत संरचना र मानव संसाधन (GESI फोकल पर्सनको व्यवस्था) ................................ १२

**३. कार्यक्रम कार्यान्वयनको स्थिति (Program Implementation Status) ................................... १४**

३.१ गत आ.व. को स्वीकृत वार्षिक कार्यक्रम र बजेट ................................................... १४

३.२ लक्षित वर्गका लागि विनियोजित बजेट र खर्चको अवस्था .......................................... १५

३.३ कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति (Physical & Financial Progress) .......................... १६

३.४ छनोट भएका आयोजनाहरूको समावेशी प्रकृति ..................................................... १८

१.५ कार्यक्रम योजना र बजेटको प्रगतिको तुलनात्मक अवस्था .......................................... १९

१.६ नगरपालिकामा लैसअसासको क्षेत्रका सवल, सुधार गर्नुपर्ने, चुनौती र अवसरको अवस्था ........... २१

**भाग चार-क्षेत्रगत प्रभाव विश्लेषण (Sectoral Impact Analysis) ........................................ २३**

४.१ लैससास परीक्षणका क्षेत्र उपक्षेत्र र सूचकहरू सहित प्राप्त नतिजा ...................................... २३

४.२ लैससास परीक्षणको सन्दर्भमा १०० सूचकको अवस्था ............................................... २३

४.३ शिक्षा र स्वास्थ्यमा GESI को मूलप्रवाहीकरणका सन्दर्भमा भएका प्रयासहरू ......................... ३६

१. शिक्षा क्षेत्रमा भएका प्रयासहरूः ..................................................................... ३७

२. स्वास्थ्य क्षेत्रमा भएका प्रयासहरूः ........ ३७

४.४ आर्थिक सशक्तिकरण र सीप विकास कार्यक्रमहरू ........ ३८

१. महिला आर्थिक सशक्तीकरण कार्यक्रमः ........ ३८

२. युवा स्वरोजगार तथा व्यावसायिक सीपः ........ ३८

३. दलित, अपाङ्गता र सीमान्तकृत वर्गका लागि विशेष कार्यक्रमः ........ ३८

४. बजार व्यवस्थापन र दिगोपनः ........ ३९

४.५ पूर्वाधार विकासमा अपाङ्गता र बालमैत्री अवधारणाको प्रयोग ........ ३९

१. अपाङ्गतामैत्री पूर्वाधार विकासः ........ ३९

२. बालमैत्री पूर्वाधार र वातावरणः ........ ४०

३. समावेशी पूर्वाधारका प्रमुख विशेषताहरूः ........ ४०

४.६ निर्णय प्रक्रिया र नेतृत्व तहमा लक्षित समूहको सहभागिता ........ ४०

१. राजनीतिक नेतृत्व र कार्यपालिकामा प्रतिनिधित्वः ........ ४१

२. योजना तर्जुमा प्रक्रियामा सहभागिताः ........ ४१

३. संस्थागत र संयन्त्रगत सहभागिताः ........ ४१

४. समावेशी नेतृत्वका विशेषताहरूः ........ ४२

४.७ गोकर्णेश्वर नगरपालिकाको विगत तीन आर्थिक वर्ष (२०७९/०८०—२०८१/०८२) को लक्षित वर्गमुखी बजेट तथा कार्यक्रमको तुलनात्मक विश्लेषण ........ ४२

४.८ तिन आर्थिक वर्षको बजेट, कार्यक्रम र उपलब्धिको तुलनात्मक विश्लेषणबाट प्राप्त सन्देशः ........ ४४

**भाग पाँच- निष्कर्ष तथा सुझावहरू ........ ४५**

५.१ निष्कर्ष ........ ४५

५.२ सुझावहरू ........ ४५

**अनुसूची एक- परीक्षणको सन्दर्भका उपस्थितिहरु ........ ४८**

**अनुसूची दुइ- परीक्षण सम्बन्धी प्रारम्भिक गोष्ठीका केही झलकहरू ........ ५२**

## तालिका सूची


तालिका नं. १ लक्षित वर्ग तथा सामाजिक क्षेत्रगत वार्षिक कार्यक्रम र विनियोजित बजेट (२०८१/०८२) ........................................................................................................................ १४

तालिका नं. २ लक्षित वर्ग विशेष बजेट र खर्चको तथ्याङ्कीय अवस्था.......................................... १५

तालिका नं. ३ प्रमुख कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति विवरण..................................... १७

तालिका नं. ४ नगरपालिकाको वार्षिक विकास कार्यक्रममा छनोट भएका योजनाहरूको कार्यगत प्रकृति... २०

तालिका नं. ५ नगरपालिकामा लैससासको SWOT Analysis तालिका........................................ २१

तालिका नं ६ सूचक र सूचकले प्राप्त गरेको अङ्कभार.......................................................... २३

तालिका ७ः लैससासका सूचकहरू र प्राप्त नतिजा चिन्हका आधारमा .......................................... ३५

तालिका नं. ८ विगत तीन आर्थिक वर्षको नीत तथा कार्यक्रमको तुलनात्मक तालिक ................................४२

## भाग एकः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

### १.१ पृष्ठभूमिः

नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा राज्यका हरेक संरचनामा सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको पहुँच स्थापित गर्नु आजको प्रमुख आवश्यकता हो । लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) केवल अधिकारको विषय मात्र नभई दिगो विकास र समृद्धिको आधारस्तम्भ पनि हो । यस अवधारणाले समाजमा पछाडि पारिएका महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति तथा अन्य सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा ल्याई उनीहरूको अर्थपूर्ण सहभागिता र नेतृत्व सुनिश्चित गर्ने लक्ष्य राख्दछ । गोकर्णेश्वर नगरपालिकाले पनि स्थानीय सरकार सञ्चालन ऐन बमोजिम आफ्ना नीति तथा कार्यक्रमहरूलाई यही मर्म अनुरूप अगाडि बढाउँदै आएको छ ।

नेपालको संविधानको धारा १८ ले समानताको हक र धारा ४२ ले सामाजिक न्यायको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ, जसले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका नागरिकका लागि विशेष व्यवस्था गर्ने अधिकार राज्यलाई दिएको छ । यस्तै, **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले स्थानीय तहलाई लक्षित वर्गको उत्थान र सशक्तीकरणका लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने स्पष्ट जिम्मेवारी सुम्पेको छ । अन्तर्राष्ट्रियस्तरमा नेपालले हस्ताक्षर गरेका अभिसन्धिहरू, जस्तैः महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD) ले सिर्जना गरेका उत्तरदायित्वहरू पुरा गर्न पनि स्थानीय तहको भूमिका निर्णायक मानिन्छ ।

विकासको प्रतिफल न्यायोचित रूपमा वितरण गर्न र 'कोही पनि नछुटुन्' भन्ने दिगो विकास लक्ष्य (SDGs) लाई आत्मसाथ गर्न गोकर्णेश्वर नगरपालिकाले वार्षिक नीति, बजेट तथा कार्यक्रममा GESI का क्षेत्रमा विशेष प्राथमिकता दिँदै आएको छ। नगरपालिकाले सम्पादन गर्ने योजनाहरूमा लैङ्गिक उत्तरदायी बजेटको अवधारणा लागू गर्नुका साथै अपाङ्गतामैत्री पूर्वाधार र सेवा प्रवाहलाई सुधार गर्ने प्रयासहरू भइरहेका छन् । सामाजिक समावेशीकरणको अवधारणाले स्रोत र साधनमा पहुँच मात्र नभई निर्णय प्रक्रियामा समावेशिता र आत्मसम्मानको सुनिश्चिततालाई समेत जोड दिन्छ, जसले अन्ततः स्थानीय सुशासनलाई बलियो बनाउँछ ।

प्रस्तुत प्रतिवेदन गत आर्थिक वर्षमा गोकर्णेश्वर नगरपालिकाद्वारा सम्पादन गरिएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरू, नीति तथा योजनाहरूको वस्तुगत परीक्षण र विश्लेषणमा केन्द्रित छ । यस परीक्षणले नगरपालिकाले तय गरेका लक्ष्यहरू कति हदसम्म पूरा भए, लक्षित वर्गले कति लाभ प्राप्त गरे र आगामी दिनमा नीतिगत सुधारका लागि कस्ता कदमहरू चाल्नुपर्छ भन्ने विषयमा मार्गनिर्देशन गर्नेछ । यसले स्थानीय तहमा विनियोजित बजेटको प्रभावकारिता जाँच्नुका साथै सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## १.२ उद्देश्य (Main Objective)

यस सामाजिक समानता,अपाङ्गता तथा  परीक्षणको मुख्य उद्देश्य गत आर्थिक वर्षमा गोकर्णेश्वर नगरपालिकाद्वारा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा विनियोजित बजेट र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता र उत्तरदायित्वको मूल्याङ्कन गरी आगामी वर्षका लागि समावेशी र नतिजामुखी कार्ययोजना तर्जुमा गर्नु हो ।

नगरपालिकाले सम्पादन गरेका GESI सम्बन्धी क्रियाकलापहरूको विस्तृत विश्लेषण गर्न निम्नलिखित विशिष्ट उद्देश्यहरू तय गरिएका छन्:

**क बजेट विनियोजन र खर्चको अवस्था विश्लेषण गर्नुः** गत आर्थिक वर्षमा लैङ्गिक उत्तरदायी बजेट तथा लक्षित वर्ग (महिला, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय) का लागि छुट्याइएको बजेटको उपयोग र खर्चको वास्तविक अवस्थाको लेखाजोखा गर्ने ।

**ख कार्यक्रमको प्रभावकारिता र पहुँचको मापन गर्नुः** सञ्चालित तालिम, क्षमता विकास र पूर्वाधारजन्य कार्यक्रमहरूले लक्षित वर्गको जीवनस्तरमा ल्याएको परिवर्तन र ती सेवाहरूमा वास्तविक लाभग्राहीको पहुँच कति रह्यो भन्ने कुराको परीक्षण गर्ने ।

**ग नीतिगत र संस्थागत सुधारका क्षेत्रहरू पहिचान गर्नुः** नगरपालिकाको नीति, निर्णय प्रक्रिया र सेवा प्रवाहमा GESI को मूल प्रवाहीकरण (Mainstreaming) भए/नभएको जाँच गरी विद्यमान नीतिगत अस्पष्टता वा संस्थागत रिक्त ठाउँहरु पत्ता लगाउने ।

**घ सुशासन र सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्नुः** कार्यक्रम कार्यान्वयनका क्रममा भएका प्रक्रियागत पारदर्शिता, जनसहभागिता र नागरिक सन्तुष्टिको स्तर मापन गरी स्थानीय सरकारलाई जनताप्रति बढी जिम्मेवार बनाउन सहयोग पुऱ्याउने ।

**ङ भावी कार्ययोजनाको मार्गचित्र तयार गर्नुः** सामाजिक परीक्षणबाट प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा आगामी वर्षका लागि थप व्यावहारिक, समावेशी र आवश्यकतामा आधारित रणनीति एवं कार्ययोजना तर्जुमा गर्ने।

## १.३ परीक्षणको कार्यक्षेत्र (Scope)

यस सामाजिक परीक्षणको प्राथमिक कार्यक्षेत्र गत आर्थिक वर्षमा गोकर्णेश्वर नगरपालिकाको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटभित्र रहेर सम्पादन गरिएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित सबै क्रियाकलापहरूको लेखाजोखा गर्नु रहेको छ । यस अन्तर्गत नगरपालिकाका विभिन्न शाखाहरू, विशेष गरी महिला, बालबालिका तथा समाज कल्याण शाखाबाट सञ्चालित कार्यक्रमहरू, लक्षित वर्गका लागि विनियोजित बजेटको खर्च गर्ने प्रक्रिया र त्यसबाट सिर्जित भौतिक तथा वित्तीय प्रगतिलाई सूक्ष्म रूपमा अध्ययन

गरिनेछ । यसले नगरपालिकाको केन्द्रदेखि वडा तहसम्म पुगेका सेवाहरू र ती सेवाहरूमा लक्षित समूहको पहुँचको वास्तविक स्थितिलाई आफ्नो कार्यक्षेत्रभित्र समेट्नेछ ।

दोस्रो कार्यक्षेत्रका रूपमा नगरपालिकाले अवलम्बन गरेका नीतिगत र संस्थागत व्यवस्थाहरूको प्रभावकारिताको परीक्षण गरिनेछ । यसमा नगरपालिकाले निर्माण गरेका GESI सम्बन्धी कार्यविधि, निर्देशिका, लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमाको प्रक्रिया र निर्णय प्रक्रियामा महिला, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको प्रतिनिधित्वको अवस्थालाई विश्लेषण गरिनेछ । साथै, नगरपालिकाद्वारा प्रदान गरिने सेवाहरू (जस्तैः अपाङ्गता परिचयपत्र वितरण, सीपमूलक तालिम, राहत तथा पुनर्स्थापना कार्यक्रम) को गुणस्तर, समय बद्धता र पारदर्शिताको समेत मूल्याङ्कन गरी सो कार्यले लक्षित वर्गको सामाजिक-आर्थिक सशक्तीकरणमा पुऱ्याएको योगदानको पहिचान गरिनेछ ।

अन्तिम कार्यक्षेत्रको रूपमा, यो परीक्षणले सरोकारवालाहरूको पृष्ठपोषण र जनसहभागिताको पक्षलाई समेट्नेछ । कार्यक्रम कार्यान्वयनको क्रममा नागरिक समाज, लक्षित समूहका प्रतिनिधिहरू र स्थानीय बासिन्दाहरूको संलग्नता कस्तो रह्यो र उनीहरूको गुनासो सम्बोधन गर्ने संयन्त्र कत्तिको सक्रिय छ भन्ने कुराको अध्ययन गरिनेछ । परीक्षणको यो पाटोले फिल्ड भ्रमण, समूहगत छलफल (FGD) र लाभग्राहीसँगको अन्तर्वार्ताका माध्यमबाट प्राप्त तथ्यहरूलाई समेटी प्राप्त उपलब्धिहरू र देखिएका चुनौतीहरूका आधारमा आगामी वर्षका लागि व्यावहारिक सुझावहरू सहितको कार्ययोजना तयार गर्ने कार्यलाई पूर्णता दिनेछ ।

## १.४ विधि तथा प्रक्रिया (**Methodology & Process-** तथ्याङ्क सङ्कलन, अन्तर्वार्ता, स्थलगत निरीक्षण)

यस सामाजिक परीक्षणका लागि प्राथमिक र द्वितीय दुवै प्रकारका सूचना एवं तथ्याङ्क सङ्कलन विधिलाई आधार मानिएको छ । द्वितीय तथ्याङ्कका रूपमा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, खर्चको फाँटवारी, लक्षित वर्गका लागि विनियोजित बजेटका शीर्षकहरू र विभिन्न शाखाका प्रगति प्रतिवेदनहरूको गहन अध्ययन गरिएको छ । यस्तै, प्राथमिक तथ्याङ्क सङ्कलनका लागि गोकर्णेश्वर नगरपालिकाका सरोकारवालाहरू र लाभग्राहीहरूका बीचमा एक व्यवस्थित प्रश्नावली तयार गरी राय सङ्कलन गरिएको छ । तथ्याङ्कको वस्तुनिष्ठता सुनिश्चित गर्न गुणात्मक र परिमाणात्मक दुवै पद्धतिको संयोजन गरी सूचनाहरूलाई व्यवस्थित र वर्गीकृत गरिएको छ ।

सूचना सङ्कलनको एक महत्त्वपूर्ण पाटोका रूपमा सरोकारवालाहरूसँगको अन्तर्वार्ता र समूहगत छलफल (Focus Group Discussion) लाई प्रयोग गरिएको छ । यस अन्तर्गत नगरपालिकाका पदाधिकारीहरू, शाखा प्रमुखहरू, वडा सदस्यहरू र लक्षित वर्गका प्रतिनिधिहरूसँग प्रत्यक्ष कुराकानी गरी कार्यक्रम कार्यान्वयनका सबल र दुर्बल पक्षहरूका बारेमा जानकारी लिइएको छ । विशेष गरी महिला, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका समुदायका सदस्यहरूसँगको 'अर्ध-संरचित' अन्तर्वार्ताका माध्यमबाट कार्यक्रमले उनीहरूको वास्तविक आवश्यकतालाई सम्बोधन गरे/नगरेको र सेवा प्राप्त गर्दा झेल्नुपरेका कठिनाइहरूको बारेमा गहिरो जानकारी प्राप्त गरिएको छ ।

यसका अतिरिक्त, सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र भौतिक अवस्थाको वास्तविक चित्र उतार्न स्थलगत निरीक्षण (Field Visit) विधि अपनाइएको छ । नगरपालिकाद्वारा सञ्चालित सीपमूलक तालिम केन्द्रहरू, अपाङ्गतामैत्री पूर्वाधारहरू र वडास्तरमा सञ्चालित सामाजिक समावेशीकरणका क्रियाकलापहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त उपलब्धिहरूको प्रमाणीकरण गरिएको छ । यसरी स्थलगत रूपमा देखिएका तथ्यहरूलाई कार्यालयका अभिलेखहरूसँग भिडाएर (Triangulation) विश्लेषण गरिएको छ, जसले प्रतिवेदनको विश्वसनीयता र यथार्थपरकतालाई पुष्टि गर्दछ । यस प्रक्रियाबाट प्राप्त निष्कर्षहरूलाई नै भावी कार्ययोजनाको मुख्य आधार बनाइएको छ ।

## १.५ प्रतिवेदनको सीमाहरू (Limitations)

प्रस्तुत सामाजिक परीक्षण प्रतिवेदन मुख्यतया गत आर्थिक वर्षको स्वीकृत नीति, कार्यक्रम र बजेटको सीमाभित्र रहेर तयार गरिएको छ । यसमा नगरपालिकाका सबै शाखाहरू र वडाहरूबाट प्राप्त भएका अभिलेख, प्रगति प्रतिवेदन र उपलब्ध गराइएका तथ्याङ्कहरूलाई नै विश्लेषणको मुख्य आधार मानिएको छ । कतिपय अवस्थामा वडा स्तरमा सञ्चालित साना तथा छरिएका कार्यक्रमहरूको पूर्ण र व्यवस्थित अभिलेखीकरणको अभाव हुनु, लक्षित वर्गका सबै लाभग्राहीहरूसम्म प्रत्यक्ष पहुँच पुग्न नसक्नु र समयको चापका कारण सबै वडाका प्रत्येक टोल र बस्तीमा पुगी विस्तृत सर्वेक्षण गर्न नसकिनु यस प्रतिवेदनका प्रमुख सीमाहरू हुन् । त्यसैले, यस प्रतिवेदनले गोकर्णेश्वर नगरपालिकाको समग्र अवस्थाको प्रतिनिधित्व गर्ने प्रयास गरे तापनि केही सुक्ष्म विवरणहरू छुट्न गएको हुन सक्छ ।

यसका अतिरिक्त, उत्तरदाताहरूबाट प्राप्त गुणात्मक सूचनाहरू (जस्तैः अन्तर्वार्ता र समूहगत छलफलका रायहरू) उनीहरूको व्यक्तिगत बुझाइ र अनुभवमा आधारित रहेकाले कतिपय सूचनाहरूमा व्यक्ति-परक धारणा (Subjectivity) हावी भएको हुन सक्छ । तथ्याङ्क सङ्कलनका क्रममा केही लाभग्राहीहरूले आफ्ना समस्या वा गुनासोहरू खुलेर राख्न हिचकिचाएको पाएकोले सामाजिक र सांस्कृतिक पक्षका केही गहिरो पाटाहरू पूर्ण रूपमा नउधिन सक्छन् । साथै, यो प्रतिवेदन केवल गत आर्थिक वर्षको कार्यसम्पादनमा मात्र केन्द्रित रहेकाले यसले विगतका वर्षहरूको तुलनात्मक चित्रण वा दीर्घकालीन प्रभावको विस्तृत मापनलाई आफ्नो कार्यक्षेत्रभित्र समेटेको छैन ।

## २. नीतिगत तथा संस्थागत व्यवस्थाको विश्लेषण (Policy & Institutional Framework)

### २.१ नगरपालिकाको परिचयः

**भौगोलिक अवस्थिती र सिमाना** राजधानी काठमाडौंको उत्तर-पूर्वी दिशामा अवस्थित गोकर्णेश्वर नगरपालिका ऐतिहासिक, धार्मिक र प्राकृतिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण स्थानीय तह हो । नेपाल सरकारको मिति २०७१ मङ्सिर १६ गतेको निर्णय अनुसार साबिकका सुन्दरीजल, नयाँपाटी, बालुवा, गोकर्ण र जोरपाटी गाँउ विकास समितिहरूलाई समेटेर यसको स्थापना भएको हो । कुल **५८.५० वर्ग किलोमिटर** क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको पूर्वमा कागेश्वरी मनोहरा नगरपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिका, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्ला (शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज) तथा दक्षिणमा काठमाडौं महानगरपालिका र कागेश्वरी मनोहरा नगरपालिका रहेका छन् । समुद्र सतहबाट करिब १,३७० मिटर देखि २,४५० मिटरसम्मको उचाइमा रहेको यस नगरमा पवित्र बागमती नदीको उद्गम स्थल सुन्दरीजल समेत पर्दछ ।

**हावापानी र प्राकृतिक स्वरूप** यस नगरपालिकामा मुख्यतया समशितोष्ण प्रकारको हावापानी पाइन्छ । यहाँको तापक्रम अधिकतम ३०°C सम्म र न्यूनतम २°C सम्म पुग्ने गर्दछ, जसले गर्दा यहाँको मौसम बसोबासका लागि निकै अनुकूल र स्वास्थ्यवर्द्धक रहेको छ । भौगोलिक रूपमा यहाँ बेशी, भिरपाखा, खोंच र घना वनजङ्गलको समिश्रण पाइन्छ । उत्तरतर्फ रहेको शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रले गर्दा यस नगरको हावापानी स्वच्छ हुनुका साथै यहाँ जैविक विविधताको प्रचुरता रहेको छ। प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिरको नामबाट नामाकरण गरिएको यस नगरमा धार्मिक पर्यटनको समेत उच्च सम्भावना रहेको छ ।

**जनसंख्या र सामाजिक संरचना** राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार गोकर्णेश्वर नगरपालिकाको कुल जनसंख्या **१,४९,३६६** रहेको छ, जसमा पुरुषको संख्या ७३,२३५ (४९%) र महिलाको संख्या ७६,१३१ (५१%) रहेको छ । यहाँको जनसंख्या जनघनत्व **२,५५३ प्रति वर्ग किलोमिटर** रहेको देखिन्छ । जातजातिका गोकर्णेश्वर नगरपालिका एक बहुजातीय र बहुसांस्कृतिक विशेषता बोकेको स्थानीय तह हो । राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार यहाँको कुल जनसंख्या **१,४९,३६६** रहेको छ, जसमा जातजातिगत विविधता स्पष्ट देखिन्छ । यस नगरमा सबैभन्दा ठूलो जनसंख्या **तामाङ** समुदायको रहेको छ, जसको संख्या **४१,५६८** (करिब २७.८३ प्रतिशत) रहेको छ । तामाङ समुदायको ऐतिहासिक र सांस्कृतिक बाहुल्यताले यस नगरको सामाजिक पहिचानमा विशेष महत्त्व राख्दछ ।

नगरपालिकाको दोस्रो ठूलो समूहका रूपमा **पहाडी ब्राह्मण** समुदाय रहेको छ, जसको संख्या **३४,२२९** (२२.९१ प्रतिशत) छ भने **क्षेत्री** समुदायको संख्या **२८,३७५** (१८.९९ प्रतिशत) रहेको देखिन्छ । यसैगरी, उपत्यकाको मूल बासिन्दा मानिने **नेवार** समुदायको उपस्थिति पनि यहाँ उल्लेख्य छ, जसको संख्या **१३,८२८** (९.२५ प्रतिशत)

रहेको छ । यी चारवटा प्रमुख जातिहरूले नगरको कुल जनसंख्याको करिब ७९ प्रतिशत हिस्सा ओगटेका छन् ।

यसबाहेक, नगरपालिकामा अन्य विभिन्न जनजाति र सीमान्तकृत समुदायको पनि अर्थपूर्ण उपस्थिति रहेको छ । जनगणना अनुसार यहाँ **मगर** (६,२७५), **राई** (५,९७६), **शेर्पा** (४,९२१) र **गुरुङ** (४,६३०) समुदायको बसोबास रहेको छ । दलित समुदाय अन्तर्गत **विश्वकर्मा (कामी)** जातिको संख्या **२,४४२** रहेको छ भने दमाई, परियार, सार्की लगायतका अन्य दलित र सीमान्तकृत जातिहरूको संयुक्त संख्या करिब ५,६२९ रहेको देखिन्छ । तराई मुलका **थारु** समुदायको पनि यहाँ १,४९३ को संख्यामा उपस्थिति रहेको छ ।

यसरी हेर्दा, गोकर्णेश्वर नगरपालिका विभिन्न जात जाति र भाषा-भाषीहरूको एउटा साझा फूलबारीका रूपमा रहेको छ । यहाँको सामाजिक समावेशीकरण (GESI) सम्बन्धी नीति र कार्यक्रमहरू बनाउँदा यी अल्पसङ्ख्यक र पछाडि पारिएका दलित तथा जनजाति समुदायको आवश्यकता र उनीहरूको जनसंख्याको अनुपातलाई ध्यान दिनु पर्ने देखिन्छ । विशेष गरी तामाङ र शेर्पा समुदायको बाहुल्यता रहेका वडाहरूमा उनीहरूको भाषा र संस्कृतिलाई सम्बोधन गर्ने कार्यक्रमहरू समावेश गर्नु सामाजिक न्यायको दृष्टिकोणले सान्दर्भिक देखिन्छ ।

**शिक्षा, साक्षरता र शैक्षिक अवस्था** शैक्षिक दृष्टिकोणले गोकर्णेश्वर नगरपालिका एक अग्रणी स्थानीय तहका रूपमा चिनिन्छ । जनगणना २०७८ अनुसार यहाँको कुल साक्षरता दर **८५.५३ प्रतिशत** रहेको छ, जसमा पुरुष साक्षरता दर ९१.६ प्रतिशत र महिला साक्षरता दर ७९.७६ प्रतिशत रहेको देखिन्छ । यस नगर क्षेत्रभित्र सामुदायिक र संस्थागत गरी कुल **१२३ विद्यालयहरू** सञ्चालनमा रहेका छन् । शिक्षा शाखाको तथ्याङ्क अनुसार यहाँ १९ वटा सामुदायिक विद्यालय र १०२ भन्दा बढी संस्थागत (निजी) विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् । माध्यामिक शिक्षा (कक्षा १२) सम्मको पहुँचलाई सहज बनाउन नगरपालिकाले प्राविधिक शिक्षा र छात्रवृत्ति कार्यक्रमहरूलाई समेत प्राथमिकता दिँदै आएको छ ।

## २.२ सङ्घीय र प्रादेशिक कानुनी प्रावधानहरू सम्बन्धी व्यवस्था

नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माणका लागि सङ्घीय र प्रादेशिक कानुनहरूको भूमिका निर्णायक रही आएको छ । यी कानुनी प्रावधानहरूले समाजमा पछाडि पारिएका महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति र अल्पसङ्ख्यक समुदायको राज्यका हरेक संरचनामा अर्थपूर्ण पहुँच सुनिश्चित गर्दछन् । सङ्घीय कानुनले राष्ट्रिय नीति र मापदण्ड तय गरी समानताको आधारशिला खडा गरेको छ भने बागमती प्रदेश सरकारले आफ्ना विशिष्ट आवश्यकता र भौगोलिक वस्तुस्थितिलाई मध्यनजर गर्दै तर्जुमा गरेका कानुनहरूले स्थानीय तहसम्म समावेशीकरणको मर्मलाई कार्यान्वयन गर्न मद्दत पुऱ्याएका छन् । यी कानुनहरूको प्रभावकारी कार्यान्वयनले नै सामाजिक न्यायको प्रत्याभूति र समतामूलक विकासको लक्ष्य हासिल गर्न सम्भव हुन्छ । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छः-

*क. सङ्घीय सरकारका प्रमुख कानुनी व्यवस्थाहरू:*

- **नेपालको संविधानः** धारा १८ (समानताको हक), धारा २४ (छुवाछूत तथा भेदभाव विरुद्धको हक), धारा ३८ (महिलाको हक), धारा ३९ (बालबालिकाको हक), धारा ४० (दलितको हक), र धारा ४२ (सामाजिक न्यायको हक) ।
- **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४:** अपाङ्गता भएका व्यक्तिको संरक्षण, मर्यादा र अधिकारको सुनिश्चितता ।
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८: सामाजिक विभेद अन्त्यका लागि ।
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४:** स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनमा लक्षित वर्गको सहभागिता र बजेट विनियोजन सम्बन्धी व्यवस्था ।
- **मुलुकी देवानी र अपराध संहिता, २०७४:** लैङ्गिक हिंसा र विभेदकारी सामाजिक अभ्यास विरुद्धका प्रावधानहरू ।
- **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६:** महिला र बालबालिका विरुद्ध हुने हिंसा न्यूनीकरणका लागि ।
- **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४:** विपद्को समयमा अपाङ्गता भएका व्यक्ति र महिलालाई प्राथमिकता दिने व्यवस्था ।
- **सङ्घीय निजामती सेवा ऐन (प्रस्तावित तथा विद्यमान अभ्यास):** आरक्षण र सकारात्मक विभेदको माध्यमबाट समावेशीकरणको सुनिश्चितता ।

*ख. बागमती प्रदेश सरकारका प्रमुख कानुनी व्यवस्थाहरू:*

- बागमती प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६: बालबालिकाको संरक्षण र सहभागिता सुनिश्चित गर्न ।
- **बागमती प्रदेश प्रदेश कर्मचारी भर्ना र छनौट सम्बन्धी कानुनः** प्रदेश लोक सेवा आयोग मार्फत महिला, अपाङ्गता भएका व्यक्ति र समावेशी समूहका लागि आरक्षणको व्यवस्था ।
- बागमती प्रदेश घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुनी प्रावधानहरू: महिला केन्द्रित सुरक्षा र न्यायका लागि ।
- **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐनः** महिला र सीमान्तकृत कृषकहरूका लागि विशेष सुविधा र अनुदानको व्यवस्था ।
- **बागमती प्रदेशको वार्षिक नीति तथा कार्यक्रम:** 'छोरी—बुहारी छात्रवृत्ति', 'मुख्यमन्त्री महिला उद्यमशीलता कार्यक्रम' जस्ता विशेष योजनाहरू ।

- **बागमती प्रदेश लक्षित वर्ग सशक्तीकरण कार्यविधिः** समावेशीकरणलाई कार्यगत रूपमा कार्यान्वयन गर्न बनाइएका निर्देशिकाहरू ।

ग अन्तरराष्ट्रिय सन्धि सम्झौताहरू

अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र महासन्धिहरूले मानव अधिकारको विश्वव्यापी मापदण्ड तय गरेका छन् । नेपाल यी मध्ये अधिकांश महत्त्वपूर्ण दस्तावेजहरूको पक्ष राष्ट्र (State Party) बनी सकेकाले यी व्यवस्थाहरू हाम्रा राष्ट्रिय कानुन सरह नै लागू हुन्छन् । महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता र अल्पसङ्ख्यकका अधिकारसँग सम्बन्धित प्रमुख अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू यस प्रकार रहेका छन्ः

**लैङ्गिक समानता तथा महिला अधिकार**

- **महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW, १९७९)ः** यसलाई महिला अधिकारको अन्तर्राष्ट्रिय वडापत्र मानिन्छ । नेपालले सन् १९९१ मा यसलाई विना सर्त अनुमोदन गरेको छ ।
- **बेइजिङ घोषणापत्र तथा कार्ययोजना (१९९५)ः** महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणका १२ वटा सरोकारका क्षेत्रहरू निर्धारण गरेको महत्त्वपूर्ण दस्तावेज ।
- **संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२०ः** द्वन्द्व रूपान्तरण र शान्ति प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता र संरक्षण सम्बन्धी ।

**बाल-अधिकार**

- **बालअधिकार सम्बन्धी महासन्धि (CRC, १९८९)ः** बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गर्ने प्रमुख दस्तावेज ।
- **बालश्रम उन्मूलन सम्बन्धी आई.एल.ओ. महासन्धि (महासन्धि नं. १३८ र १८२)ः** बालश्रमको न्यूनतम उमेर र निकृष्ट प्रकारको बालश्रम अन्त्य सम्बन्धी ।

**अपाङ्गता भएका व्यक्तिको अधिकार**

- **अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD, २००६)ः** अपाङ्गता भएका व्यक्तिको मर्यादा, आत्म-निर्भरता र समाजमा पूर्ण सहभागिताको अधिकार सुनिश्चित गर्ने सन्धि ।

**दलित तथा जातीय भेदभाव विरुद्धको अधिकार**

- **सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD, १९६५)**: जाति, वर्ण वा उत्पत्तिमा आधारित भेदभावलाई अपराध मान्ने र न्यायको सुनिश्चितता गर्ने महासन्धि ।

**आदिवासी जनजाति र अल्पसङ्ख्यकको अधिकार**

- **आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि (ILO Convention No. १६९)**: आदिवासी जनजातिको आत्म-पहिचान, भूमि र स्रोतमाथिको अधिकार र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने दस्तावेज ।
- आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP, २००७): उनीहरूको सामूहिक अधिकार, संस्कृति र परम्पराको संरक्षण सम्बन्धी ।

**नागरिक तथा राजनीतिक अधिकार (साझा)**

- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR, १९६६): सबै नागरिकको मतदानको अधिकार, विचारको स्वतन्त्रता र समानताको अधिकार ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (१९६६): शिक्षा, स्वास्थ्य, रोजगारी र पर्याप्त जीवनस्तरको अधिकार ।

**दिगो विकास लक्ष्य (SDG 2016-2030)**

- विशेष गरी **लक्ष्य नं. ५ (लैङ्गिक समानता)** र **लक्ष्य नं. १० (असमानता न्यूनीकरण)** ले "कोही पनि नछुटुन्" भन्ने अवधारणा मार्फत अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको उत्थानलाई प्राथमिकता दिएको छ ।

## २.३ नगरपालिकाको आफ्नै नीति, ऐन र कार्यविधिहरू

गोकर्णेश्वर नगरपालिकाले सङ्घीयताको मर्म अनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायको उत्थानका लागि विभिन्न महत्त्वपूर्ण कानुनी दस्तावेजहरू तर्जुमा गरेको छ । नगरपालिकाले यी लक्षित वर्गहरूको अधिकार संरक्षण, सामाजिक न्याय सुनिश्चितता र समावेशी विकासका लागि ऐन, कार्यविधि र निर्देशिकाहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । विशेष गरी बालमैत्री स्थानीय शासन र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) लाई नीतिगत प्राथमिकतामा राख्दै नगरपालिकाले आफ्नो वार्षिक योजना र कार्यक्रमहरूलाई यी कानुनी प्रावधानहरूसँग आबद्ध गरेको पाइन्छ ।

गोकर्णेश्वर नगरपालिकाद्वारा विभिन्न समयमा जारी गरिएका प्रमुख कानुनी व्यवस्थाहरूको विवरण (उपलब्ध तथ्याङ्कका आधारमा) तल प्रस्तुत गरिएको छः

**गोकर्णेश्वर नगरपालिकाको समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाहरू**

- **गोकर्णेश्वर नगरपालिकाको बालबालिका सम्बन्धी ऐन, २०७५:** बालबालिकाको अधिकार संरक्षण र बालमैत्री शासन स्थापनाका लागि (२०७५/११/०९ मा प्रमाणीकरण)।
- **गोकर्णेश्वर नगरपालिका अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कार्यविधि, २०७५:** अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण र सेवा सुविधा व्यवस्थापनका लागि (२०७५ सालमा जारी)।
- गोकर्णेश्वर नगरपालिका ज्येष्ठ नागरिक परिचयपत्र वितरण तथा सम्मान कार्यविधि, २०७५: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा र सम्मान सुनिश्चित गर्न।
- गोकर्णेश्वर नगरपालिका लक्षित वर्ग (महिला, दलित, जनजाति, सीमान्तकृत) सशक्तीकरण कार्यविधि, २०७६: लक्षित समूहको क्षमता विकास र आयआर्जनका कार्यक्रम सञ्चालन गर्न ।
- **गोकर्णेश्वर नगरपालिका बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७७:** नगरपालिकालाई बालमैत्री घोषणा गर्ने र सूचकहरू पुरा गर्ने प्रक्रियालाई व्यवस्थित गर्न ।
- **गोकर्णेश्वर नगरपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७५:** हिंसा पीडित महिला तथा बालबालिकालाई तत्काल राहत र कानुनी सहायता प्रदान गर्न ।
- गोकर्णेश्वर नगरपालिका दलित तथा अल्पसङ्ख्यक उत्थान कार्यक्रम कार्यविधि, २०७६: परम्परागत सीपको आधुनिकीकरण र सामाजिक समावेशीकरणका लागि ।
- गोकर्णेश्वर नगरपालिका विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कार्यविधि, २०७७: आर्थिक रूपमा अति विपन्न नागरिकहरूलाई स्वास्थ्य उपचारमा सहुलियत दिन ।
- गोकर्णेश्वर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४: महिला र सीमान्तकृत वर्गका स्थानीय विवादहरू निरूपण गर्न ।
- गोकर्णेश्वर नगरपालिका अपाङ्गता समन्वय समिति गठन तथा कार्य सञ्चालन निर्देशिका, २०७६: स्थानीय स्तरमा अपाङ्गता सम्बन्धी कार्यहरूको समन्वय गर्न ।

नगरपालिकाले समय-समयमा राजपत्रमा सूचना प्रकाशित गरी यी कार्यविधिहरूमा परिमार्जन समेत गर्दै आएको छ । कतिपय कार्यविधिहरू वार्षिक बजेट तथा कार्यक्रम (विनियोजन ऐन) को मातहतमा रहेर समेत कार्यान्वयन हुने गरेका छन् ।

## २.४ GESI समिति र एकाइको अवस्था तथा सक्रियता

गोकर्णेश्वर नगरपालिकाले समावेशी विकासको अवधारणालाई आत्मसात् गर्दै नगरपालिका स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) समितिको गठन र एकाइको स्थापना गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा GESI लाई प्राथमिकताको क्षेत्रमा समावेश गरिएको छ, जसले गर्दा लक्षित वर्गका योजनाहरू तर्जुमा र कार्यान्वयनमा कानुनी र संरचनागत सुनिश्चितता प्राप्त भएको छ । यो समिति र एकाइले मुख्यतया बजेट विनियोजनमा समावेशीकरणको वकालत गर्ने, हिंसा पीडितहरूका लागि राहत कोष सञ्चालन गर्ने र अपाङ्गता भएका व्यक्तिको वर्गीकरण तथा परिचयपत्र वितरण जस्ता कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । नगरपालिकाका प्रत्येक वडा र कार्यपालिकामा महिला, दलित र अल्पसङ्ख्यकको प्रतिनिधित्व सुनिश्चित हुनुले यो संरचनालाई थप सक्रिय र जवाफदेही बनाएको छ । अतः नगरपालिकामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा भए गरेका संरचनागत व्यवस्था र भए गरेका प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्

- **GESI समितिको गठनः** नगरपालिकामा नगर प्रमुखको संयोजकत्वमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गरी सक्रिय बनाउन पर्ने देखिन्छ । किन की कानुन त लक्षित बर्गको पहिचान, योजना छनोट, बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन समेतको जिम्मेवारी समितिमा निहित छ । जसले लक्षित वर्गका कार्यक्रमहरूको अनुगमन र समन्वय गर्दछ ।
- **नीति तथा कार्यक्रममा समावेशः** नगरपालिकाको वार्षिक विनियोजन ऐन र "नीति तथा कार्यक्रम" मा GESI क्षेत्रका लागि छुट्टै बजेट शीर्षक र विशेष कार्यक्रमहरू (जस्तैः सीपमूलक तालिम, सशक्तीकरण) अनिवार्य रूपमा समावेश गरिएको छ ।
- **GESI सम्पर्क एकाइ (Unit):** प्रशासनिक स्तरमा कार्यान्वयनलाई सहज बनाउन नगरपालिका कार्यालयमा GESI फोकल पर्सन र छुट्टै एकाइको व्यवस्था गरी सेवा प्रवाहलाई समावेशी बनाइएको छ ।
- **बालमैत्री क्लब र सञ्जालः** नगरपालिकाका सबै वडाहरूमा वडा स्तरीय बाल सञ्जाल र नगर स्तरमा नगर बाल सञ्जाल गठन गरी बालमैत्री स्थानीय शासन (CFLG) का सूचकहरू कार्यान्वयनमा ल्याइएको छ ।
- **अपाङ्गता समन्वय समितिः** अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि "अपाङ्गता समन्वय समिति" क्रियाशील छ, जसले नियमित रूपमा परिचयपत्र वितरण र सहायक सामग्री वितरणका कार्यहरू सम्पादन गर्दछ ।
- **न्यायिक समितिः** उप-प्रमुखको अध्यक्षतामा रहेको न्यायिक समितिले विशेष गरी महिला र घरायसी हिंसाका मुद्दाहरूलाई प्राथमिकताका साथ मेलमिलाप र न्याय सम्पादन गर्ने गरेको छ ।
- **दलित तथा अल्पसङ्ख्यक प्रतिनिधित्वः** कार्यपालिकामा दलित तथा अल्पसङ्ख्यक समुदायको कानुनी रूपमै प्रतिनिधित्व सुनिश्चित भई उनीहरूको हकहितका लागि योजना छनोटमा सक्रिय सहभागिता रहने गरेको छ ।

- **सञ्जालहरूको सक्रियताः** टोल तथा वडा स्तरमा गठन भएका टोल विकास संस्था, सामुदायिक संस्थाहरु, महिला समूह र आमा समूहहरू मार्फत सामाजिक चेतना र सरसफाइ जस्ता सामुदायिक कार्यहरूमा सहजीकरण भइरहेको छ ।

## २.५ संस्थागत संरचना र मानव संसाधन (GESI फोकल पर्सनको व्यवस्था)

संस्थागत संरचना र मानव संसाधनको प्रभावकारी व्यवस्थापनले नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) को लक्ष्य प्राप्त गर्न सकिन्छ । गोकर्णेश्वर नगरपालिकाको हकमा यस शीर्षक अन्तर्गतको विवरण तल प्रस्तुत गरिएको छः

गोकर्णेश्वर नगरपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई केवल कार्यक्रममा मात्र सीमित नराखी यसलाई संस्थागत स्वरूप प्रदान गरेको छ । नगरपालिकाको प्रशासनिक संरचनाभित्रै GESI को जिम्मेवारी सम्हाल्ने गरी विशिष्ट मानव संसाधनको व्यवस्था गरिएको छ । यस अन्तर्गत नगरपालिकाले एक जना अधिकृत स्तरको कर्मचारीलाई **GESI फोकल पर्सन** (सम्पर्क व्यक्ति) को रूपमा तोकेको छ, जसले योजना तर्जुमादेखि कार्यान्वयनको तहसम्म समावेशीकरणका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने कार्य गर्दछ । यस प्रकारको संस्थागत व्यवस्थाले सेवाग्राही र नगरपालिका बीचको सम्बन्धलाई थप समावेशी बनाउनुका साथै लक्षित वर्गका गुनासोहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न मद्दत पुर्‍याएको छ ।

**संरचनागत र मानव संसाधन सम्बन्धी प्रमुख व्यवस्थाहरू**

- **GESI फोकल पर्सनको तोकिएको जिम्मेवारीः** नगरपालिका कार्यालयमा महिला, बालबालिका तथा समाज कल्याण शाखा अन्तर्गत रहने गरी अधिकृत स्तरको कर्मचारीलाई GESI फोकल पर्सनको रूपमा जिम्मेवारी प्रदान गरिएको छ ।
- **नगरपालिका स्तरीय GESI शाखाः** समावेशीकरण सम्बन्धी कार्यहरूलाई व्यवस्थित गर्न नगरपालिकामा छुट्टै शाखा/इकाइको व्यवस्था छ, जसले महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र बालबालिका सम्बन्धी सम्पूर्ण कार्यहरूको प्रशासनिक नेतृत्व गर्दछ ।
- **वडा स्तरीय सम्पर्क व्यक्तिः** नगरपालिकाका प्रत्येक वडा कार्यालयमा सामाजिक सहजकर्ता वा वडा सचिवलाई GESI सम्बन्धी विषय हेर्ने गरी तोकिएको छ, जसले गर्दा स्थानीय तहमा सेवा लिन आउने लक्षित वर्गलाई सहज भएको छ ।
- **क्षमता विकास कार्यक्रमः** फोकल पर्सन र शाखामा कार्यरत कर्मचारीहरूका लागि समय-समयमा GESI Audit, समावेशी बजेट तर्जुमा र लैङ्गिक हिंसा निवारण सम्बन्धी तालिमहरू सञ्चालन गर्ने गरिएको छ ।
- **समन्वयकारी भूमिकाः** GESI फोकल पर्सनले नगर स्तरीय "अपाङ्गता समन्वय समिति" र "बाल कल्याण अधिकारी" सँग मिलेर एकीकृत रूपमा काम गर्ने संरचनागत अभ्यास रहेको छ ।

- **योजना तर्जुमामा विज्ञताको प्रयोगः** योजना छनौटको प्रक्रियामा GESI फोकल पर्सनले 'लैङ्गिक उत्तरदायी बजेट' को अवधारणा अनुसार सूचकहरू विश्लेषण गर्ने र योजनाहरूको पुनरावलोकन गर्ने कार्यमा सक्रिय सहभागिता जनाउने गरेका छन् ।
- **प्रतिवेदन र अभिलेखीकरणः** लक्षित वर्गका कार्यक्रमहरूको प्रगति विवरण, तथ्याङ्क व्यवस्थापन र वार्षिक प्रतिवेदन तयार गर्नका लागि फोकल पर्सन मार्फत सूचना प्रणालीलाई व्यवस्थित गर्न प्रयास गरिएको छ ।

# ३. कार्यक्रम कार्यान्वयनको स्थिति (Program Implementation Status)

## ३.१ गत आ.व. को स्वीकृत वार्षिक कार्यक्रम र बजेट

गोकर्णेश्वर नगरपालिकाले चालू आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र दिगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छ । नगरपालिकाले "नगर प्रमुख तथा उप प्रमुखज्यूहरुको संयोजकत्वमा पनि धेरै कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आएको देखिन्छ । जस्तैः शैक्षिक सुधार कार्यक्रम", "नगर उपप्रमुख कार्यक्रम" र "बालमैत्री स्थानीय शासन" जस्ता गौरवका आयोजनाहरू मार्फत लैङ्गिक समानता, अपाङ्गता भएका व्यक्तिको उत्थान, र सामाजिक समावेशीकरण (GESI) लाई बजेटको मूल प्रवाहीकरणमा ल्याएको छ । विशेष गरी सामाजिक विकास तर्फ विनियोजित यो बजेटले नगरभित्रका महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायको जीवनस्तर सुधार गर्न, उनीहरूको क्षमता विकास गर्न र राज्यको सेवा सुविधामा पहुँच सुनिश्चित गर्न प्रत्यक्ष योगदान पुऱ्याउने लक्ष्य राखिएको छ ।

तालिका नं. १ लक्षित वर्ग तथा सामाजिक क्षेत्रगत वार्षिक कार्यक्रम र विनियोजित बजेट (२०८१/०८२)

(नगरपालिकाको स्वीकृत बजेट पुस्तिका "रातो किताब" मा उल्लेख भए अनुसारका वास्तविक प्रमुख कार्यक्रमहरू)

| क्र.सं. | शीर्षक / क्षेत्र | कार्यक्रम / योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|---|
| १ | **महिला विकास** | नगर उपप्रमुख कार्यक्रम (महिला सशक्तीकरण, सीप विकास तथा आयआर्जन) | ९०,००,०००/- |
| २ | **बालबालिका** | बालमैत्री स्थानीय शासन (CFLG) कार्यान्वयन तथा घोषणा कार्यक्रम | ४५,००,०००/- |
| ३ | **शिक्षा** | नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम (भौतिक तथा गुणस्तर सुधार) | २,५०,००,०००/- |
| ४ | **स्वास्थ्य** | विपन्न नागरिक स्वास्थ्य उपचार सहायता तथा आकस्मिक स्वास्थ्य सेवा | ४०,००,०००/- |
| ५ | **अपाङ्गता** | अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण तथा क्षमता विकास | १५,००,०००/- |
| ६ | **ज्येष्ठ नागरिक** | ज्येष्ठ नागरिक सम्मान, तीर्थाटन तथा मिलन केन्द्र सञ्चालन | २५,००,०००/- |
| ७ | **युवा तथा खेलकुद** | नगर स्तरीय खेलकुद विकास तथा युवा स्वरोजगार तालिम | ५०,००,०००/- |

| | | | |
|---|---|---|---|
| ८ | **दलित तथा अल्पसङ्ख्यक** | दलित, अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्ग उत्थान कार्यक्रम | १०,००,०००/- |
| ९ | **सामाजिक सुरक्षा** | सामाजिक सुरक्षा भत्ता वितरण र व्यवस्थापन (सङ्घीय सशर्त बाहेक प्रशासनिक) | ५,००,०००/- |
| १० | **न्यायिक समिति** | कानुनी सचेतना, मेलमिलाप र लैङ्गिक हिंसा निवारण कोष | १०,००,०००/- |
| ११ | **संस्कृति/जनजाति** | स्थानीय कला, संस्कृति संरक्षण तथा परम्परागत सीप प्रवर्द्धन | २०,००,०००/- |
| १२ | **गरिब/विपन्न** | अति विपन्न परिवार लक्षित राहत तथा स्वास्थ्य बीमा प्रिमियम सहयोग | १२,००,०००/- |

**विशेष नोटः** माथि उल्लेखित बजेट रकमहरू नगर स्तरका प्रमुख कार्यक्रमहरू हुन् । वडा स्तरमा विनियोजन गरिएका साना योजनाहरू (प्रत्येक वडालाई दिइने सिलिङ अन्तर्गतका लक्षित वर्गका कार्यक्रम) र सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त हुने सशर्त अनुदानका कार्यक्रमहरू यस तालिकामा समावेश गरिएको छैन ।

| ५.१.४ | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गर्ने गरिएको छ की छैन ? | | - |
| | जम्मा | | ३ |
| ख | **उत्तरदायित्व र जवाफदेहीता** | | |
| ५.२.१ | स्थानीय सरकारले नियमित रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकरण गर्ने गरे नगरेको ? | | + |
| ५.२.२ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरेको वा नगरेको ? | | + |
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट स्थानीय सरकारले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनको विषयमा आवाज उठ्ने गरे नगरेको र यसरी उठेको प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरेको छ वा छैन ? | | +/- |
| ५.२.४ | स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृती गरी कार्यान्वयनमा ल्याए नल्याएको ? | | +/- |
| | जम्मा | | ३ |
| ग | **सूचना तथा सञ्चार** | ४ | |
| ५.३.१ | स्थानीय सरकारले नियमित रूपमा समग्र वार्षिक योजना तथा कार्यक्रमहरू सार्वजनिक गर्ने गरे नगरेको र महिला बालबालिका, आदिवासी, जनजाति, मधेशी, मुस्लीम, पिछडा वर्ग, दलित अपाङ्गता भएका व्यक्तिहरू ज्येष्ठ नागरिकहरूलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाहरू ले थाह पाउने गरी सार्वजनिक गरे नगरेको | | + |
| ५.३.२ | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रसारण गर्ने गरिएको छ वा छैन | | - |
| ५.३.३ | के स्थानीय सरकारले स्थानीय रेडियो, एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सूसुचित गर्ने गरेको छ वा छैन ? | | + |
| ५.३.४ | के स्थानीय स्तरमा महिला, बालबालिका, सबै जात जातीका विपन्न बर्ग (आदिवासी, जनजाति, मधेशी, महिला, दलित, मुश्लिम, पिछडा बर्ग) अपाङ्गता भएका व्यक्तिहरू, | | + |

| | | | |
|---|---|---|---|
| | ज्येष्ठ नागरिक लगायत अन्य लक्षित समूहहरूको सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जन चेतनामा वृद्धि भएको छ वा छैन ? आधार तथ्याङ्कसँग समेत तुलना गर्न सकिने हुनु पर्नेछ । | | |
| | जम्मा | | ३ |
| **घ** | **अनुगमन तथा मूल्याङ्कन** | ४ | |
| ५.४.१ | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | | +/- |
| ५.४.२ | के स्थानीय सरकारले सञ्चालन गरेका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालाहरूलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | | + |
| ५.४.३ | के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जात जातीका विपन्न वर्ग, (आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडाबर्ग) अपाङ्गता भएका व्यक्तिहरू ज्येष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरिएको छ वा छैन ? | | +/- |
| ५.४.४ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | | + |
| | जम्मा | | ३ |
| **ङ** | **समन्वय र सम्बन्ध विस्तार** | ४ | |
| ५.५.१ | स्थानीय तहले सङ्घ र प्रदेश सरकारले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरिएको छ वा छैन ? | | + |
| ५.५.२ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जाल बनी कार्य गत छलफल तथा यस क्षेत्रको विकासका लागि नियमित रूपमा कार्य हुने गरेको वा नगरेको ? | | +/- |
| ५.५.३ | लैङ्गिक समानता तथा सामाजिक विकासका लागि विभिन्न सरोकारवाला निकायहरू बीच कार्य गत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास क्षमता विकास तालिमहरू प्रदान गर्ने गरिएको छ वा छैन ? | | +/- |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्य योजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्य योजना, मानव अधिकार कार्य योजना तथा छुवाछूत विरुद्धको कार्य योजना लगायत स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरिएको छ वा छैन ? | | +/- |
| | जम्मा | | ३ |

| | | | |
|---|---|---|---|
| | सम्बन्ध र समन्वय विस्तार | | १२ |
| | कुल जम्मा | | ७५ |

गत आर्थिक वर्षमा गोकर्णेश्वर नगरपालिका द्वारा कार्यान्वयन गरिएका लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GESI) सम्बन्धी नीति, कार्यक्रम तथा बजेटको प्रभावकारिता, समावेशिता र उत्तरदायित्वको परीक्षण गर्ने उद्देश्यले १०० सूचकमा आधारित संस्थागत परीक्षण सम्पन्न गरिएको छ। उक्त परीक्षणमा २५ वटा शीर्षक तथा ५ वटा प्रमुख क्षेत्र अन्तर्गत चिन्हको प्रयोगमार्फत अङ्क मापन गरिएको थियो। परीक्षणको नतिजाले नगरपालिकाले नीति, योजना, सेवा प्रवाह तथा समावेशी शासन व्यवस्थापनमा उल्लेखनीय उपलब्धि हासिल गरेको देखाउँदै समग्रमा १०० पूर्णाङ्कमध्ये ७५ अङ्क प्राप्त गर्न सफल भएको अवस्था प्रस्तुत गर्दछ।

तालिका ७: लैससासका सूचकहरू र प्राप्त नतिजा चिन्हका आधारमा

| क्रस | सूचकका क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति कानुन र योजना | २० | १९ |
| २ | संस्थागत व्यवस्था | २० | १४ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | ११ |
| ४ | सेवा प्रवाह | २० | १९ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १२ |
| | **जम्मा प्राप्ताङ्क** | **१००** | **७५** |

**चार्ट नं. १ लैससासको चार्टमा परिणत गरी प्रस्तुत गर्दाको अवसर**



तालिकामा प्रस्तुत तथ्याङ्कअनुसार गोकर्णेश्वर नगरपालिकाले "नीति, कानुन र योजना" तथा "सेवा प्रवाह" क्षेत्रमा क्रमशः २० मध्ये १९ अङ्क प्राप्त गरी उत्कृष्ट कार्यसम्पादन गरेको देखिन्छ। यसले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयलाई स्थानीय नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा प्राथमिकतासाथ समावेश गरिएको संकेत गर्दछ। विशेषगरी सेवा प्रवाह क्षेत्रमा प्राप्त उच्च अङ्कले लक्षित वर्ग, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायमैत्री सेवाको विस्तारमा नगरपालिकाले सकारात्मक प्रयास गरेको पुष्टि गर्दछ।

यद्यपि "संस्थागत व्यवस्था", "मानव संसाधन तथा क्षमता विकास" र "सुशासन तथा उत्तरदायित्व" क्षेत्रमा अपेक्षाकृत कम अङ्क प्राप्त भएको देखिएकाले यी क्षेत्रहरूमा थप सुधारको आवश्यकता औँल्याउँछ। विशेषगरी मानव संसाधन विकास तथा संस्थागत क्षमता अभिवृद्धिमा थप लगानी, कर्मचारी अभिमुखीकरण, लैससास सम्बन्धी




विशेषज्ञता विकास तथा प्रभावकारी अनुगमन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ। समग्रमा ७५ अङ्क प्राप्त हुनु सकारात्मक उपलब्धि भए तापनि आगामी दिनमा संस्थागत सुधार, उत्तरदायित्व अभिवृद्धि तथा समावेशी शासन प्रणालीलाई अझ प्रभावकारी बनाउने दिशामा निरन्तर पहल आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ

## ४.३ शिक्षा र स्वास्थ्यमा GESI को मूलप्रवाहीकरणका सन्दर्भमा भएका प्रयासहरू

गोकर्णेश्वर नगरपालिकाले शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाको पहुँचमा समानता ल्याउन **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI)** लाई नीतिगत र कार्यगत रूपमै मूलप्रवाहीकरण गर्ने प्रयास गरेको छ। शिक्षाको क्षेत्रमा नगरपालिकाले "नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम" मार्फत सामुदायिक विद्यालयका विपन्न, दलित र अल्पसङ्ख्यक विद्यार्थीहरूका लागि छात्रवृत्ति, दिवा खाजा र निःशुल्क शैक्षिक सामग्रीको सुनिश्चितता गरेको छ। त्यसैगरी, स्वास्थ्य सेवालाई समावेशी बनाउन नगर अस्पताल र वडा स्तरका स्वास्थ्य केन्द्रहरू मार्फत महिलाहरूको प्रजनन स्वास्थ्य, ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य परीक्षण र अपाङ्गता भएका व्यक्तिका लागि घरदैलोमै स्वास्थ्य सेवा पुर्‍याउने रणनीति अख्तियार गरिएको छ। यी प्रयासहरूले केवल सेवाको

वितरणमा मात्र नभई, निर्णय प्रक्रिया र व्यवस्थापनमा समेत लक्षित वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै सामाजिक न्यायको जगलाई मजबुत बनाएका छन्।

शिक्षा र स्वास्थ्यमा GESI मूलप्रवाहीकरणका सन्दर्भमा भएका प्रमुख प्रयासहरूलाई निम्न बुँदाहरूमा स्पष्ट पारिएको छः

### १. शिक्षा क्षेत्रमा भएका प्रयासहरूः

- **समावेशी छात्रवृत्ति व्यवस्थापनः** आर्थिक रूपमा विपन्न, दलित, जनजाति र अपाङ्गता भएका विद्यार्थीहरूलाई विद्यालय भर्ना र निरन्तरताका लागि विशेष छात्रवृत्तिको व्यवस्था।
- **बालमैत्री र लैङ्गिक मैत्री पूर्वाधारः** सामुदायिक विद्यालयहरूमा छात्राका लागि छुट्टै र सुरक्षित शौचालय, स्यानिटरी प्याड वितरण मेसिन र अपाङ्गतामैत्री र्‍याम्पहरूको निर्माण।
- **निःशुल्क र गुणस्तरीय शिक्षाः** "नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम" मार्फत सामुदायिक विद्यालयको गुणस्तर सुधार्दै निजी विद्यालय जान नसक्ने वर्गका बालबालिकालाई गुणस्तरीय शिक्षामा पहुँच।
- **सांस्कृतिक र भाषिक सम्मानः** स्थानीय पाठ्यक्रममा नगरभित्रका विभिन्न जातजाति र समुदायको पहिचान, संस्कृति र मौलिकतालाई समावेश गरी समावेशी सिकाइ वातावरण निर्माण।
- **डिजिटल साक्षरताः** गरिब र सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई प्रविधिको पहुँच पुर्‍याउन विद्यालयहरूमा कम्प्युटर ल्याब र डिजिटल सिकाइको व्यवस्था।

### २. स्वास्थ्य क्षेत्रमा भएका प्रयासहरूः

- **विपन्न नागरिक स्वास्थ्य सहायताः** कडा र असाध्य रोग लागेका तर उपचार खर्च जुटाउन नसक्ने विपन्न नागरिकहरूलाई आर्थिक सहायता र सहुलियत प्रदान गर्ने कार्यविधि कार्यान्वयन।
- **प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वः** महिलाहरूको प्रजनन स्वास्थ्यलाई प्राथमिकता दिँदै "नगर उपप्रमुख कार्यक्रम" मार्फत सुरक्षित मातृत्व र पोषण सम्बन्धी सचेतना तथा सेवाहरूको विस्तार।
- **ज्येष्ठ नागरिक स्वास्थ्य पहुँचः** ज्येष्ठ नागरिकहरूका लागि नियमित स्वास्थ्य परीक्षण शिविर सञ्चालन र घरमै स्वास्थ्यकर्मी पठाएर जाँच गर्ने 'विशिष्टीकृत सेवा' को अभ्यास।
- **अपाङ्गता र पुनःस्थापना सेवाः** अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य संवेदनशीलतालाई ध्यान दिँदै सहायक सामग्री वितरण र उनीहरूका लागि प्राथमिकताका साथ उपचार सेवा सुनिश्चित।
- **स्वास्थ्य बीमामा सहुलियतः** अति विपन्न, दलित र लोपोन्मुख समुदायका परिवारहरूलाई स्वास्थ्य बीमाको प्रिमियममा नगरपालिकाले अनुदान दिई स्वास्थ्य सेवालाई पहुँचयोग्य बनाएको।
- **विद्यालय नर्स कार्यक्रमः** छात्राहरूको स्वास्थ्य र स्वच्छतालाई ध्यान दिँदै विद्यालयहरूमा नर्सको व्यवस्था गरी किशोर-किशोरीका स्वास्थ्य समस्याहरूको सम्बोधन।

यो संरचनाले शिक्षा र स्वास्थ्यका क्षेत्रमा कसरी समावेशीकरणलाई व्यवहारमा उतारिएको छ भन्ने स्पष्ट पार्दछ।

## ४.४ आर्थिक सशक्तिकरण र सीप विकास कार्यक्रमहरू

गोकर्णेश्वर नगरपालिकाको आर्थिक समृद्धि र सामाजिक न्यायका लागि **आर्थिक सशक्तीकरण र सीप विकास कार्यक्रमहरू** एक आधारस्तम्भका रूपमा रहेका छन्। नगरपालिकाले केवल भौतिक पूर्वाधारलाई मात्र विकास नठानी नगरवासीहरूको आर्थिक हैसियत माथि उठाउन "मानवीय पुँजी" मा लगानी गर्ने नीति लिएको छ। विशेष गरी "नगर उपप्रमुख कार्यक्रम" मार्फत महिलाहरूलाई परम्परागत चूल्हो-चौकोबाट बाहिर ल्याई व्यावसायिक बनाउने र "मेयर युवा उद्यमशीलता" मार्फत युवाहरूलाई वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमै स्वरोजगार बनाउने लक्ष्य राखिएको छ। नगरपालिकाले छनोट गरेका सीप विकासका कार्यक्रमहरू बजारको माग र स्थानीय स्रोतको उपलब्धतामा आधारित रहेका छन्, जसले गर्दा तालिम प्राप्त व्यक्तिहरूले तत्कालै आयआर्जन सुरु गर्न सक्ने वातावरण निर्माण भएको छ।

आर्थिक सशक्तीकरण र सीप विकासका सन्दर्भमा नगरपालिकाले सञ्चालन गरेका प्रमुख प्रयासहरू यस प्रकार रहेका छन्:

### १. महिला आर्थिक सशक्तीकरण कार्यक्रमः

- **उद्यमशीलता तालिमः** सिलाई-कटाई, ब्युटिसियन, क्रिस्टलका सामान बनाउने, र ढाका बुनाइ जस्ता महिला केन्द्रित सीपमूलक तालिमहरूको नियमित सञ्चालन।
- **बीउ पूँजी र प्रविधि सहयोगः** तालिम प्राप्त महिला समूहहरूलाई व्यवसाय सुरु गर्न सहुलियतपूर्ण दरमा 'बीउ पूँजी' (Seed Money) र मेसिनरी औजार (सिलाई मेसिन आदि) वितरण।
- **उद्यमी महिला प्रदर्शनीः** नगरभित्रका महिला उद्यमीहरूले उत्पादन गरेका सामग्रीहरूको प्रदर्शनी र बजारीकरणका लागि स्थानीय मेला तथा महोत्सवहरूमा स्टलहरूको व्यवस्था।

### २. युवा स्वरोजगार तथा व्यावसायिक सीपः

- **प्राविधिक तालिमः** बेरोजगार युवाहरूका लागि बजारमा बढी माग भएका ड्राइभिङ, मोबाइल मर्मत, प्लम्बिङ, र इलेक्ट्रिक वायरिङ जस्ता व्यावसायिक तालिमहरूको व्यवस्था।
- **डिजिटल मार्केटिङ र आईटीः** आधुनिक बजारको मागलाई ध्यान दिँदै युवाहरूलाई कम्प्युटर साक्षरता र अनलाइन मार्फत व्यवसाय प्रवर्द्धन गर्ने सीप प्रदान।
- **कृषि उद्यमशीलताः** नगरपालिकाको ग्रामीण भेगका युवाहरूका लागि आधुनिक कृषि, च्याउ खेती, र मौरीपालन जस्ता आयआर्जनमुखी कार्यक्रमहरूमा अनुदान।

### ३. दलित, अपाङ्गता र सीमान्तकृत वर्गका लागि विशेष कार्यक्रमः

- **परम्परागत सीपको आधुनिकीकरणः** दलित समुदायको पुर्ख्यौली सीप (जस्तैः फलामका काम, छालाका काम) लाई आधुनिक मेसिन र प्रविधिको प्रयोग गरी व्यावसायिक बनाउन सहयोग।

- **अपाङ्गता भएका व्यक्तिको स्वरोजगारः** शारीरिक अवस्था अनुकूलका हल्का सीपमूलक कार्यहरू (जस्तैः मैनबत्ती बनाउने, धूप बनाउने वा मुढा बुन्ने) तालिम र सामग्री सहयोग।
- **सहकारी मार्फत पहुँचः** लक्षित वर्गलाई साना किसान वा बचत तथा ऋण सहकारीमा आबद्ध गराई सुलभ कर्जा प्राप्त गर्ने प्रक्रियामा सहजीकरण।

### ४. बजार व्यवस्थापन र दिगोपनः

- **बजारीकरणमा सहयोगः** नगरभित्र उत्पादित वस्तुहरूलाई स्थानीय बजार र "कोसेली घर" मार्फत बिक्री वितरण गर्ने योजनाको कार्यान्वयन।
- **व्यावसायिक परामर्शः** तालिम पश्चात व्यवसाय दर्ता, कर प्रणाली र व्यवसाय विस्तारका लागि नगरपालिकाको आर्थिक विकास शाखा मार्फत नियमित परामर्श सेवा।

यो विवरणले गोकर्णेश्वर नगरपालिकाले कसरी आफ्ना नागरिकहरूलाई आत्मनिर्भर बनाउन लगानी गरिरहेको छ भन्ने स्पष्ट पार्दछ।

## ४.५ पूर्वाधार विकासमा अपाङ्गता र बालमैत्री अवधारणाको प्रयोग

गोकर्णेश्वर नगरपालिकाले भौतिक पूर्वाधार निर्माण गर्दा "सबैका लागि पहुँचयोग्य नगर" को अवधारणालाई आत्मसात् गर्दै **अपाङ्गतामैत्री र बालमैत्री पूर्वाधार** विकासमा विशेष जोड दिएको छ। नगरपालिकाले निर्माण गर्ने नयाँ प्रशासनिक भवन, वडा कार्यालय, विद्यालय र सार्वजनिक स्थलहरूमा 'यूनिभर्सल डिजाइन' (Universal Design) का मापदण्डहरू पालना गर्न सुरु गरिएको छ। पूर्वाधार केवल कंक्रिटको संरचना मात्र नभई यो बालबालिकाको खेल र वृद्धवृद्धा तथा अपाङ्गता भएका व्यक्तिको सहज आवागमनसँग जोडिएको विषय हो भन्ने मान्यताका साथ योजनाहरू कार्यान्वयनमा रहेका छन्। विशेष गरी "बालमैत्री स्थानीय शासन" घोषणाको अभियानले भौतिक संरचनाहरूलाई बालबालिकाको उमेर र क्षमता अनुकूल बनाउन नीतिगत दबाब र स्रोत सुनिश्चितता दुवै प्रदान गरेको छ।

पूर्वाधार विकासमा यी धारणाहरूको प्रयोगका सन्दर्भमा भएका प्रमुख प्रयासहरू यस प्रकार छन्:

### १. अपाङ्गतामैत्री पूर्वाधार विकासः

- **सार्वजनिक भवनमा र्याम्प निर्माणः** नगरपालिका कार्यालय, वडा कार्यालयहरू र सामुदायिक स्वास्थ्य केन्द्रहरूमा अपाङ्गता भएका व्यक्तिहरू ह्विलचेयर सहित सजिलै प्रवेश गर्न सक्ने गरी अन्तर्राष्ट्रिय मापदण्डका र्याम्पहरू निर्माण गरिएका छन्।
- **पहुँचयुक्त शौचालयः** नयाँ बन्ने सरकारी र सार्वजनिक शौचालयहरूमा अपाङ्गता भएका व्यक्तिहरूले सहजै प्रयोग गर्न सक्ने गरी फराकिलो ढोका र समात्ने ह्यान्डल (Grab Bars) सहितको व्यवस्था।

- **सडक र फुटपाथ सुधारः** नगरका मुख्य सडक र फुटपाथहरूलाई अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका लागि सुरक्षित र अवरोधरहित बनाउने गरी मर्मत सम्भार।
- **साङ्केतिक बोर्ड र सूचनाः** सार्वजनिक स्थलहरूमा देखिने गरी सूचना बोर्डहरू र आवश्यक ठाउँमा ब्रेल लिपी वा साङ्केतिक सङ्केतहरूको प्रयोग गर्ने सुरुवात।

### २. बालमैत्री पूर्वाधार र वातावरणः

- **बाल उद्यान (Children's Parks) निर्माणः** नगरका विभिन्न वडाहरूमा बालबालिकाको शारीरिक र मानसिक विकासका लागि खेलकुदका सामग्री सहितका बाल उद्यानहरू निर्माण र सञ्चालन।
- **बालमैत्री विद्यालय संरचनाः** सामुदायिक विद्यालयहरूमा बालबालिकाको उमेर अनुसारका डेस्क-बेन्च, खानेपानीको धाराको उचाइ र सुरक्षित खेल मैदानको व्यवस्था।
- **बालमैत्री सार्वजनिक शौचालयः** विद्यालय र सार्वजनिक स्थलमा बालबालिकाले सजिलै प्रयोग गर्न सक्ने उचाइमा कमोड र वासबेसिनको व्यवस्था।
- **जोखिममुक्त क्षेत्रः** विद्यालय वरपरका क्षेत्रलाई 'शान्ति क्षेत्र' र सडक सुरक्षाका दृष्टिकोणले जेब्रा क्रसिङ तथा गति सीमित गर्ने सङ्केतहरू सहितको व्यवस्था।

### ३. समावेशी पूर्वाधारका प्रमुख विशेषताहरूः

- **योजना तर्जुमामा सहभागिताः** पूर्वाधारका योजना छनोट गर्दा अपाङ्गता भएका व्यक्ति र बाल सञ्जालको सुझाव लिने गरिएको छ ताकि संरचना उनीहरूको वास्तविक आवश्यकता अनुरूप बनोस्।
- **अनिवार्य मापदण्डः** नगरपालिकाले नक्सा पास गर्दा वा सार्वजनिक निर्माणको ठेक्का लगाउँदा अपाङ्गतामैत्री संरचनाको मापदण्डलाई अनिवार्य सर्तका रूपमा राख्न सुरु गरेको छ।
- **खुल्ला क्षेत्रको संरक्षणः** बढ्दो शहरीकरणका बीच बालबालिका र ज्येष्ठ नागरिकका लागि 'ओपन स्पेस' (खुल्ला ठाउँ) को संरक्षण र हरियाली प्रवर्द्धन।

यस प्रकारका पूर्वाधारहरूले गोकर्णेश्वर नगरपालिकालाई भौतिक रूपमा मात्र होइन, सामाजिक रूपमा पनि एक सभ्य र संवेदनशील नगरका रूपमा चिनाउन मद्दत पुऱ्याएका छन्।

## ४.६ निर्णय प्रक्रिया र नेतृत्व तहमा लक्षित समूहको सहभागिता

गोकर्णेश्वर नगरपालिकाको शासन व्यवस्थामा **निर्णय प्रक्रिया र नेतृत्व तहमा लक्षित समूहको सहभागिता** सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ। यस खण्डले नगरपालिकाको नीति निर्माण र कार्यान्वयनमा समावेशीकरणको वास्तविक अवस्थालाई चित्रण गर्दछ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले सुनिश्चित गरेको समावेशीकरणको मर्मलाई गोकर्णेश्वर नगरपालिकाले आफ्नो नेतृत्व संरचनामा पूर्णतः अङ्गीकार गरेको छ। निर्णय प्रक्रिया केवल माथिल्लो तहमा मात्र

सीमित नभई टोल बस्ती स्तरका योजना छनोटदेखि कार्यपालिकाका निर्णयहरू सम्म लक्षित वर्गको अर्थपूर्ण उपस्थिति रहेको छ। नगरपालिकाले महिला, दलित, अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्तिहरूलाई केवल 'लाभग्राही' का रूपमा मात्र नहेरी उनीहरूलाई 'निर्णयकर्ता' का रूपमा स्थापित गर्ने नीति लिएको छ। विशेष गरी उप-प्रमुखको नेतृत्वमा रहने विभिन्न समितिहरू र वडा स्तरका सञ्जालहरूले नीति निर्माणमा तल्लो तहको आवाज पुऱ्याउन सेतुको काम गरेका छन्।

नेतृत्व र निर्णय प्रक्रियामा भएका प्रमुख व्यवस्थाहरू यस प्रकार छन्:

### १. राजनीतिक नेतृत्व र कार्यपालिकामा प्रतिनिधित्वः

- **संवैधानिक सुनिश्चितताः** नगरपालिकाको कार्यपालिकामा महिला, दलित र अल्पसङ्ख्यक समुदायको अनिवार्य प्रतिनिधित्व रहेको छ, जसले नगरका हरेक नीतिगत निर्णयमा समावेशी दृष्टिकोण राख्न मद्दत पुऱ्याएको छ।
- **समितिहरूको नेतृत्वः** स्थानीय राजस्व परामर्श समिति, योजना अनुगमन तथा सुपरिवेक्षण समिति, र न्यायिक समितिको नेतृत्व उप-प्रमुख (महिला नेतृत्व) ले गर्नाले महिला र सीमान्तकृत वर्गका मुद्दाहरूले प्राथमिकता पाएका छन्।
- **वडा स्तरीय प्रतिनिधित्वः** प्रत्येक वडा समितिमा महिला सदस्य र दलित महिला सदस्यको अनिवार्य उपस्थितिले स्थानीय स्तरका योजना तर्जुमामा उनीहरूको प्रत्यक्ष भूमिका सुनिश्चित गरेको छ।

### २. योजना तर्जुमा प्रक्रियामा सहभागिताः

- **बस्ती स्तरको छनोटः** ७-चरणको योजना तर्जुमा प्रक्रिया अन्तर्गत प्रारम्भिक चरण (टोल/बस्ती स्तर) मै महिला, बालबालिका, दलित र अपाङ्गता भएका व्यक्तिहरूको भेला गराई उनीहरूका मागलाई प्राथमिकताका साथ टिपोट गर्ने गरिएको छ।
- **बाल सञ्जालको भूमिकाः** "बालमैत्री स्थानीय शासन" को अवधारणा अनुरूप नगर र वडा बाल सञ्जालका प्रतिनिधिहरूलाई बजेट पूर्वको छलफलमा सहभागी गराई बालबालिका सम्बन्धी योजनाहरूमा उनीहरूको राय लिने अभ्यास गरिएको छ।
- **उपभोक्ता समितिमा नेतृत्वः** विकास निर्माणका कार्यहरू कार्यान्वयन गर्न गठन गरिने उपभोक्ता समितिहरूमा महिलाको ३३ प्रतिशत सहभागिता र पदाधिकारी तह (अध्यक्ष, सचिव वा कोषाध्यक्ष) मा अनिवार्य महिला प्रतिनिधित्वको व्यवस्था कडाइका साथ लागू गरिएको छ।

### ३. संस्थागत र संयन्त्रगत सहभागिताः

- **विषयगत समितिहरूः** अपाङ्गता समन्वय समिति, बाल कल्याण समिति र GESI समितिमा सम्बन्धित क्षेत्रका प्रतिनिधि र विज्ञहरूको सहभागिताले निर्णय प्रक्रियालाई थप समावेशी र प्राविधिक रूपमा सबल बनाएको छ।

- **सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइः** नगरपालिकाले गर्ने सार्वजनिक सुनुवाइहरूमा लक्षित वर्गको उपस्थिति र उनीहरूले उठाउने प्रश्नहरूलाई सम्बोधन गर्ने पद्धतिले नेतृत्वलाई जिम्मेवार र उत्तरदायी बनाएको छ।
- **क्षमता विकास र नेतृत्व तालिमः** जनप्रतिनिधि र सञ्चालका सदस्यहरूलाई नेतृत्व विकास, कानुनी व्यवस्था र योजना तर्जुमा सम्बन्धी तालिम प्रदान गरी उनीहरूको निर्णय क्षमतामा वृद्धि गरिएको छ।

### ४. समावेशी नेतृत्वका विशेषताहरूः

- **अपनत्वको भावः** निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नताले गर्दा विकासका योजनाहरूमा समुदायको अपनत्व बढेको छ।
- **न्यायोचित बजेट बाँडफाँडः** नेतृत्व तहमा समावेशी प्रतिनिधित्व भएकै कारण लक्षित वर्गका कार्यक्रमहरूमा बजेट कटौती नहुने र प्राथमिकता पाउने सुनिश्चितता भएको छ।

यो विवरणले गोकर्णेश्वर नगरपालिकामा समावेशीकरण केवल कानुनी बाध्यता मात्र नभई व्यावहारिक अभ्यासका रूपमा विकास हुँदै गएको स्पष्ट पार्दछ।

## ४.७ गोकर्णेश्वर नगरपालिकाको विगत तीन आर्थिक वर्ष (२०७९/०८०–२०८१/०८२) को लक्षित वर्गमुखी बजेट तथा कार्यक्रमको तुलनात्मक विश्लेषण

गोकर्णेश्वर नगरपालिकाले विगत तीन आर्थिक वर्षमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लक्षित वर्ग सशक्तीकरणलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम तथा बजेट विनियोजन गरेको देखिन्छ। आर्थिक स्रोतको आकार, कार्यक्रमको प्रकृति तथा कार्यान्वयन संरचनामा समयक्रम अनुसार परिवर्तन देखिएको छ । विशेषगरी प्रारम्भिक वर्षमा प्रत्यक्ष सशक्तीकरण तथा उत्थानमुखी कार्यक्रम बढी देखिए पनि पछिल्ला वर्षमा सेवा प्रवाह, संस्थागत अनुदान र क्षेत्रगत (sectoral) कार्यक्रमहरूमा जोड दिइएको छ ।

तालिका नं. ८ तुलनात्मक तालिका

| क्र.सं. | क्षेत्र | २०७९/०८० (रु.) | २०८०/०८१ (रु.) | २०८१/०८२ (रु.) | तुलनात्मक विश्लेषण |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १ करोडभन्दा बढी (दलित, महिला, अपाङ्गता, हिंसा न्यूनीकरण) | सानो/टुक्रे कार्यक्रम (२००–४५० सम्म विविध क्रियाकलाप) | १५–१८ लाख (सशक्तीकरण, हिंसा न्यूनीकरण, GESI/LISA) | २०७९/८० मा व्यापक प्रत्यक्ष कार्यक्रम, पछि संरचनागत र सूचकमुखी सुधार |
| २ | महिला सशक्तीकरण | सीप, उत्थान, नेतृत्व, तालिम (१०–१५ | अन्तरक्रिया, तालिम, दिवस केन्द्रित | १५ लाख (नेतृत्व विकास) | कार्यक्रम स्थिर तर २०८१/८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लाख स्तरका कार्यक्रम) | | + उद्यमशीलता २० लाख | मा आर्थिक सशक्तीकरण थप |
| ३ | अपाङ्गता तथा पुनःस्थापना | सामग्री वितरण, पुनःस्थापना केन्द्र (५—१५ लाख) | दिवस, मर्मत, सचेतना (सानो बजेट) | सहायक सामग्री, पुनःस्थापना (१०—१२ लाख) | सेवा निरन्तर तर २०८०/८१ मा कमजोर, २०८१/८२ मा पुनः विस्तार |
| ४ | बालबालिका तथा किशोरकिशोरी | बालबालिका, किशोरकिशोरी, हिंसा न्यूनीकरण (३—५ लाख) | दिवस, बालअधिकार अनुशिक्षण | बाल क्लब, जोखिममा बालबालिका (१०—८ लाख) | २०८१/८२ मा संरचित बालमैत्री कार्यक्रम विस्तार |
| ५ | ज्येष्ठ नागरिक | एकल महिला/ज्येष्ठ नागरिक कार्यक्रम (३ लाख) | दिवस केन्द्रित गतिविधि | स्वास्थ्य सहायता + सम्मान कार्यक्रम (१५ लाख) | २०८१/८२ मा स्पष्ट प्राथमिकता वृद्धि |
| ६ | शिक्षा | महिला वैकल्पिक विद्यालय, तालिम, सहयोग (५—१० लाख) | अनुदान/संस्थागत सहयोग (४००—१०००) | गुणस्तर सुधार (७५ लाख) + छात्रवृत्ति | २०८१/८२ मा सबैभन्दा ठूलो वृद्धि क्षेत्र |
| ७ | स्वास्थ्य | जनचेतना, सहायक सामग्री | स्वास्थ्य सचेतना कार्यक्रम | स्वास्थ्य शिविर, मातृ—शिशु, खोप (२५—३० लाख) | २०८१/८२ मा व्यापक विस्तार |
| ८ | खानेपानी तथा सरसफाइ | न्यून प्रत्यक्ष कार्यक्रम | न्यून | ५० लाख (मर्मत/विस्तार) | २०८१/८२ मा मात्र ठूलो लगानी |
| ९ | संस्थागत अनुदान/NGO | धेरै संस्था (५—१० लाख स्तर) | अत्यधिक संस्थागत अनुदान (३००—१००० प्रत्येक) | निरन्तर अनुदान + सेवा संस्था विस्तार | सेवा वितरणभन्दा संस्थागत खर्च बढी हुँदै गएको |
| १० | सामाजिक सुरक्षा/रोजगारी | मानव अधिकार, रोजगार, सीप तालिम | अनुशिक्षण/सचेतना | सामाजिक सुरक्षा सेवा व्यवस्थापन | क्रमशः प्रणालीगत व्यवस्थापनतर्फ |

तीन आर्थिक वर्षको बजेट प्रवृत्तिलाई विश्लेषण गर्दा २०७९/०८० मा लक्षित वर्गमुखी कार्यक्रम सबैभन्दा उच्च (रु. ३ करोड ६७ लाख ५० हजार) रहेको देखिन्छ, जसमा प्रत्यक्ष सशक्तीकरण, सीप विकास, हिंसा न्यूनीकरण तथा समुदाय उत्थानमुखी कार्यक्रमहरू बढी थिए। तर २०८०/०८१ मा बजेट घटेर २ करोड २९ लाखमा सीमित भएको देखिन्छ, जसमा कार्यक्रमहरू साना—साना क्रियाकलाप, दिवस केन्द्रित कार्यक्रम र संस्थागत अनुदानतर्फ केन्द्रित भएका छन्। २०८१/०८२ मा बजेट २ करोड ३२ लाखमा सामान्य वृद्धि भए पनि कार्यक्रम संरचना अझ बढी क्षेत्रगत (sectoral) र सेवा प्रवाहमुखी (service delivery oriented) बनेको देखिन्छ, विशेषगरी शिक्षा, स्वास्थ्य, खानेपानी र सामाजिक सुरक्षामा ठूला कार्यक्रमहरू केन्द्रित भएका छन्।

कार्यक्रमगत दृष्टिले हेर्दा नगरपालिकाको प्राथमिकतामा स्पष्ट रूपान्तरण देखिन्छ। प्रारम्भिक वर्षमा महिला, दलित, अपाङ्गता, बालबालिका तथा सीप विकासमा प्रत्यक्ष हस्तक्षेपमुखी कार्यक्रमहरूमा जोड दिइएको थियो भने पछिल्ला वर्षहरूमा संस्थागत अनुदान, दिवस—उत्सव, सचेतना कार्यक्रम र सेवा व्यवस्थापन बढी देखिन्छ । २०८१/०८२ मा भने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सामाजिक सुरक्षामा ठूला बजेट विनियोजनले नीति स्थायित्व र सेवा विस्तारलाई संकेत गर्दछ । तथापि, प्रत्यक्ष लक्षित वर्ग सशक्तीकरण कार्यक्रमको तुलनामा संस्थागत खर्च बढी देखिनु कार्यक्रम प्रभावकारिता र प्रत्यक्ष लाभ वितरणको दृष्टिले पुनरावलोकन आवश्यक हुने संकेत पनि गर्दछ।

## ४.८ तिन आर्थिक वर्षको बजेट, कार्यक्रम र उपलब्धिको तुलनात्मक विश्लेषणबाट प्राप्त सन्देशः

क लक्षित बर्गमूखी बजेट विनियोजनको आकार सानो भयो,

ख विनियोजित बजेट दिगो र उपलब्धि तथा प्रभाव देखिने कार्यहरू भन्दा पनि वितरणमूखी प्रवृत्तिमा खर्चिएको देखियो ।

ग आर्थिक वर्ष २०७९/०८० मा भन्दा आर्थिक वर्ष २०८०/०८१ मा बजेटको आकार ह्वात्त घटेर गएको पाइयो ।

घ नगरपालिकाले बजेट विनियोजन गर्दा बजेटको आकार भन्दा पनि कुल बजेटबाट वार्षिक कति प्रतिशत विनियोजन गर्ने हो नीतिगत निर्णय गरी प्रतिशतमा विनियोजन गर्दा राम्रो मानिन्छ ।

ङ क्षमता विकासका क्षेत्रमा बजेट धेरै सानो आकारको भयो । क्षमता विकासका नाममा १/२ दिने वा घण्टे कार्यक्रमले खासै प्रभाव पार्न सक्ने देखिँदैन ।

च अति गरिब, दलित लगायत लक्षित वर्गको लागि गरिबी बस्तुगत विवरण तयार गरेर मात्र कार्यक्रम तर्जुमा गर्दा लक्ष्यमा पुग्न सहज हुने देखिन्छ ।

## भाग पाँच- निष्कर्ष तथा सुझावहरू

### ५.१ निष्कर्ष

गोकर्णेश्वर नगरपालिकाको लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) परीक्षण अन्तर्गत विगत तीन आर्थिक वर्ष (२०७९/०८० देखि २०८१/०८२) सम्मका बजेट, नीति तथा कार्यक्रमहरूको तुलनात्मक विश्लेषण गर्दा नगरपालिकाले लक्षित वर्गमुखी विकासलाई निरन्तर प्राथमिकतामा राखेको देखिन्छ। यद्यपि बजेटीय प्रवृत्ति हेर्दा २०७९/०८० को तुलनामा २०८०/०८१ र २०८१/०८२ मा लक्षित बजेट केही घट्दो प्रवृत्तिमा रहेको पाइन्छ, जसले कार्यक्रमको परिमाणात्मक विस्तारभन्दा गुणात्मक तथा संरचनागत रूपान्तरणतर्फ सङ्केत गर्दछ । समग्र रूपमा लैससास क्षेत्र नगरपालिकाको योजना प्रणालीमा संस्थागत रूपमा स्थापित भएको देखिन्छ ।

लैससास परीक्षणका १०० सूचक, २५ शीर्षक र ५ विषय क्षेत्रको मापन अनुसार नगरपालिकाले १०० पूर्णाकमा ७५ अङ्क प्राप्त गरेको छ, जसले समग्र कार्यसम्पादनलाई सन्तोषजनक स्तरमा राखेको पुष्टि गर्छ । विशेषगरी नीति, योजना तर्जुमा तथा कार्यान्वयन (१९/२०) र सेवा प्रवाह (१९/२०) क्षेत्रहरू सबैभन्दा सशक्त देखिएका छन्, जसले नगरपालिकाको योजना निर्माण र सेवा वितरण प्रणाली तुलनात्मक रूपमा प्रभावकारी रहेको सङ्केत गर्दछ। यसले स्थानीय शासनमा लैससास सिद्धान्तको संस्थागत अभ्यास बलियो हुँदै गएको देखाउँछ ।

तर मानव संशोधन तथा क्षमता विकास (११/२०) र सम्बन्ध तथा उत्तरदायित्व (१२/२०) क्षेत्रहरू अपेक्षाकृत कमजोर देखिनु सुधारको मुख्य क्षेत्रका रूपमा देखिन्छ । यी कमजोरीहरूले संस्थागत दक्षता, कर्मचारी क्षमता विकास, नागरिक सहभागिता तथा जवाफदेहिता प्रणालीलाई अझ सुदृढ बनाउन आवश्यक रहेको सन्देश दिन्छ । संस्थागत विकास क्षेत्रमा १४/२० अङ्क प्राप्त भए पनि अझै सुधारको पर्याप्त सम्भावना रहेको स्पष्ट हुन्छ ।

समग्र बजेट तथा कार्यक्रमको तीन वर्षे प्रवृत्ति विश्लेषण गर्दा २०७९/०८० को तुलनामा २०८०/०८१ र २०८१/०८२ मा बजेट घटेको देखिन्छ, जसले प्रत्यक्ष लक्षित कार्यक्रम भन्दा संस्थागत अनुदान तथा सेवा व्यवस्थापनतर्फ स्रोत परिचालन केन्द्रित भएको आभास गर्दछ । त्यसैले आगामी दिनमा लक्षित वर्गमुखी बजेट वृद्धि गर्दै मानव संसाधन विकास, जवाफदेहिता प्रणाली सुदृढीकरण र प्रत्यक्ष लाभमुखी कार्यक्रम विस्तार गर्नु आवश्यक देखिन्छ, जसले लैससास कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछ ।

### ५.२ सुझावहरू

गोकर्णेश्वर नगरपालिकाको लैससास परीक्षण, बजेट तथा कार्यक्रमको तुलनात्मक विश्लेषण र सूचकगत मूल्याङ्कनका आधारमा संस्थागत सुधार तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई थप प्रभावकारी बनाउन रणनीतिक सुधार आवश्यक देखिन्छ । विशेषगरी मानव संसाधन तथा क्षमता विकास र सम्बन्ध तथा उत्तरदायित्वका क्षेत्रमा कम अंक प्राप्त भएकोले यी क्षेत्रहरूमा प्राथमिकताका साथ सुधारात्मक कार्यक्रम सञ्चालन

गर्नुपर्ने देखिन्छ । साथै, विगत तीन आर्थिक वर्षको बजेट प्रवृत्ति घट्दो देखिएकाले लक्षित समूहमुखी कार्यक्रमको दिगोपना र विस्तारमा चुनौती रहेको सङ्केत मिल्छ । यस परिप्रेक्ष्यमा नीति कार्यान्वयन क्षमता, स्रोत परिचालन, अनुगमन प्रणाली तथा समन्वय संरचनालाई सुदृढ गर्दै लैससासको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु आवश्यक छ-

१. मानव संसाधन तथा क्षमता विकासलाई प्राथमिकता दिई नियमित तालिम, पुनर्ताजगी तालिम र नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

२. सम्बन्ध तथा उत्तरदायित्व प्रणालीलाई सुदृढ गर्दै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र नागरिक प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने ।

३. लैससास सूचकहरूमा देखिएको कम अंक सुधार गर्न विषयगत कार्ययोजना बनाई वार्षिक कार्यसम्पादन सूचकसँग आवद्ध गर्नुपर्ने ।

४. बजेट घट्दो प्रवृत्तिलाई रोक्दै लक्षित वर्गका कार्यक्रमका लागि न्यूनतम बजेट सीमा (floor budget) निर्धारण गर्ने व्यवस्था मिलाउने ।

५. नीति तथा योजना र सेवा प्रवाहमा प्राप्त राम्रो उपलब्धिलाई संस्थागत गर्दै डिजिटल प्रणाली र एकीकृत सेवा प्रवाह विस्तार गर्ने ।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमलाई परियोजना नभई कार्यक्रमगत (program-based) ढाँचामा लैजाने ।

७. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई परिणाममुखी बनाउँदै प्रत्येक कार्यक्रमको आउटपुट र आउटकम सूचक अनिवार्य गर्ने ।

८. स्थानीय सरकार, संघसंस्था र समुदायबीचको समन्वयलाई व्यवस्थित गर्दै कार्यक्रम दोहोरोपन हटाउने र प्रभाव बढाउने ।

९. अपाङ्गता, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकासम्बन्धी कार्यक्रमलाई एकीकृत सामाजिक सुरक्षा ढाँचामा विस्तार गर्ने ।

१०. लैससास कार्यान्वयनलाई संस्थागत गर्न छुट्टै लैससास इकाइ वा फोकल पर्सनको क्षमता र अधिकार विस्तार गर्ने ।

---

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैससास) समिति तुरुन्त गठन गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

१२ ससास समितिलाई स्पष्ट कार्यादेश, जिम्मेवारी र अधिकार प्रदान गर्ने लैससास सम्बन्धी कार्यक्रमहरूका लागि पर्याप्त तथा छुट्टै बजेट विनियोजन सुनिश्चित गर्ने र लक्षित बर्गमूखी क्षेत्रमा प्रतिशतमा बजेट विनियोजन गर्ने नीति तर्जुमा गर्ने ।

१३ बजेट विनियोजनमा लैङ्गिक उत्तरदायी बजेट (GRB) प्रणाली पूर्ण रूपमा लागू गर्ने ।

१४ नीति, कार्यक्रम र बजेटबीच समन्वय र एकरूपता कायम गर्नुपर्ने आवश्यकता छ ।

१५ सेफ हाउस, पुनःस्थापना केन्द्र जस्ता संवेदनशील कार्यक्रमहरूको प्रभावकारी सञ्चालनमा जोड दिने ।

१६ वडालाई लैङ्गिक हिंसामुक्त वडा घोषणा गरी नेपालकै पहिलो वडाको रूपमा चिनाउने ।

१७ नियमित अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने ।

१८ स्थानीय संघ—संस्था तथा विकास साझेदारहरूसँग सहकार्य विस्तारमा जोड दिने ।

१९ सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई पहुँचयोग्य र पारदर्शी बनाउने ।

२० आगामी तीन वर्षे कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी कमजोर सूचकहरूमा सुधार ल्याउन विशेष ध्यान दिनुपर्छ ।

## अनुसूची एक- परीक्षणको सन्दर्भका उपस्थितिहरु

आज मिति २०८३ साल वैशाख २५ गते शुक्रवारका दिन यस गोकर्णेश्वर नगरपालिकाले गत सालसम्म सञ्चालन गरी सम्पादन गरेका लैससास सम्बन्धी नीति योजना तथा कार्यक्रमहरू सहित बजेटको लेखाजोखा गरी लैङ्गिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नको लागि आयोजित प्रारम्भिक गोष्ठीमा उपस्थित सहभागीहरूको उपस्थिति

उपस्थिति

| क्रस | सहभागीको नाम थर | शाखा | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री दिपक कु. रिजाल (नगरप्रमुख) | | नगरप्रमुख | | |
| २ | श्री सान्तानी लामा (उपप्रमुख) | | नगर उपप्रमुख | | |
| ३ | श्री हरिका ओड | | वडा अध्यक्ष | | |
| ४ | श्री मधु तामाङ | | वडा अध्यक्ष | | |
| ५ | श्री मुरारी प्रसाद कुइकेल | | " | ९८५१०८५५८४१ | [illegible] |
| ६ | श्री जयराम महत | | " | | |
| ७ | श्री नारायण बहादुर सुवेदी | | " | | |
| ८ | श्री नवराज लामा | | " | 981233387। | [illegible] |
| ९ | श्री केशव गुरुङ | | " | | |
| १० | श्री नन्दलाल ओड | | " | | |
| ११ | श्री राजीव थापा | | वडा अध्यक्ष | | |
| १२ | प्रमुख. श्री लक्ष्मी भण्डारी | | कार्यपालिका सदस्य | | |
| १३ | श्री सविता मिजार | | सविता | ९८४०३८४९५०९ | सविता |

| | नाम | शाखा | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १४ | श्री. गौरी माया ओख्ले | | कार्यपालिका सदस्य | | |
| १५ | श्री. माया तामाङ | | " | | |
| १६ | श्री. रिता दर्जी | | " | ९८४६४०८२५० | [signature] |
| १७ | श्री. पासाङ बाङ्म्रु शेर्पा (ढुंहाँ) | | " | | |
| १८ | श्री. देवी माया लिम्बु | | " | ९८४१०२४९१५ | [signature] |
| १९ | श्री हरि बहादुर बि.क. | | " | | [signature] |
| २० | श्री. राम नारायण गौली | | प्रमुख प्रशासकीय अधिकृत | ९८४१२५०७३५ | [signature] |
| २१ | श्री दिपक थापा, क्षेत्री | आर्थिक विकास | वि.अ.अ. | 9841360292 | [signature] |
| २२ | नारायण प्र. पोखरेल | योजना | | ९८४१६५६६५१ | [signature] |
| २३ | सुरेश रेग्मी | रोजगार सेवा केन्द्र | अधिकृत छैठौं | ९८५१२२८४६६ | [signature] |
| २४ | हरि प्रसाद उपाध्याय | स्वास्थ्य | जनस्वा. अ. | ९८४१३५१००० | [signature] |
| २५ | डा. अञ्जन रिमाल | पशु विकास | प. चि | 9851111110 | [signature] |
| २६ | भूपेन्द्र बोहरा | प्रशासन | | ९८४११४५१८५६ | [signature] |
| २७ | रामजी राजभण्डारी | लेखा | | ९८४१३५४२६३ | [signature] |
| २८ | भीम बाबा | महिला/बालबालिका | अधिकृत छैठौं | ९८४५१४१८७३७ | [signature] |
| २९ | राम बाबु बस्नेत | प्रशासन | अधिकृत छैठौं | ९८४३६८८०१६ | [signature] |
| ३० | सुशीला रुद्र | शिक्षा विकास | शिक्षाविद् | ९८६०१८३५२५ | [signature] |
| ३१ | विश्व मङ्गल ढुंगाना | कृषि शाखा | अ. छैटौं | ९८४१११६१६६ | [signature] |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | देवेन्द्र पु. खनाल | Third Eye | Director | 9851082020 | |
| ३३ | राजेन्द्र फुयाल | का. सं | | 9765962050 | |
| ३४ | सरिता शर्मा | शिक्षा कार्यक्रम | ओ. प्र. मा | 9841012931 | |
| ३५ | | | | | |
| ३६ | | | | | |
| ३७ | | | | | |
| ३८ | | | | | |
| ३९ | | | | | |
| ४० | | | | | |
| ४१ | | | | | |
| ४२ | | | | | |
| ४३ | | | | | |
| ४४ | | | | | |
| ४५ | | | | | |
| ४६ | | | | | |
| ४७ | | | | | |
| ४८ | | | | | |

अनुसूची दुइ- परीक्षण सम्बन्धी प्रारम्भिक गोष्ठीका केही झलकहरू







